Vol. 3, Issue 26, January, 2016

HOT NEPAL Monthly

# हट नेपाल

वर्ष ३, पूर्णाङ्क २६, पुस २०७२, मूल्य रू ३०।-



सलमानभन्दा शाहरूख अगाडि

जाडोमा न्यानो फेसन

जुकरबर्गले कल्पना गरेको नयाँ पुस्ता

टप टेन हलिउड हिरोइन

## इभेन्टको शान






**TISSOT LADY POWERMATIC 80.** AUTOMATIC MOVEMENT AND A MOTHER-OF-PEARL DIAL. 80 HOURS OF POWER RESERVE. **INNOVATORS BY TRADITION.**

TISSOT.CH

TISSOT

LEGENDARY SWISS WATCHES SINCE 1853

SULUX CENTRE
Hotel Woodland Complex, Durbarmarg

Branches:
Rama Griha, New Road
Bhatbhateni Super Market, Bhatbhateni



Nepal's Best Rum
Khukri XXX Rum
SINCE 1959
www.khukrirum.com
Nothing Compares to...
Khukri Rum
1959
Nepal's Finest Rum Since 1959
खुकुरि XXX रम
Khukri XXX Rum
Mirage/Khukri xxx Rum -16
Enjoy Responsibly
THE NEPAL DISTILLERIES PVT. LTD.

जि.प्र.का. काठमाडौं द.नं. २१६/२०७०/०७१

Vol. 3, Issue 26, January, 2016

HOT NEPAL Monthly

# हट नेपाल

वर्ष ३, पूर्णाङ्क २६, पुस २०७२

मनोरञ्जन र जीवनशैली मासिक




आवरण तस्वीर : कविन्द्रमान शाक्य

**प्रधान सम्पादक**
ब्याकुल पाठक

**सम्पादक**
श्याम स्मृत

**फोटोग्राफर**
कविन्द्रमान शाक्य
आशाकाजी महर्जन

**ग्राफिक/लेआउट**
श्याम स्याङ्बो

**प्रबन्ध निर्देशक**
कल्पना उप्रेती

**प्रमुख अधिकृत वितरक/काठमाडौं**
काष्ठमण्डप डिस्ट्रिब्युसन प्रालि
भोटेंछें, काठमाडौं, फोन : ०१-४२४७२४१

**प्रमुख अधिकृत वितरक/मोफसल**
एलाइट न्यूजपेपर डिस्ट्रिब्युटर
नरदेवी, काठमाडौं, फोन : ०१-४२६११९४८

**मुद्रक**
एक्टिभ प्रिन्टिङ प्रेस
गल्कोपाखा, काठमाडौं

**प्रकाशक**
ड्रिम नेपाल पब्लिकेसन्स प्रालि
गोंगबु, काठमाडौं
फोन : ०१-४३५६१४१




## १० इभेन्टको शान

मातृभूमि नेपालमा गत वैशाख १२ र २९ गते आएको विनाशकारी महाभूकम्पबाट पीडितहरूको सहयोगार्थ बेलायतमा विभिन्न इभेन्ट आयोजना गरियो । सहयोग जुटाउने कार्यमा यस्ता इभेन्ट फलदायी साबित भएका छन् ।

## १६ सभासद्को साग नीति



सभासद् भीमसेनदास प्रधान प्राज्ञिक व्यक्तित्व हुन् । प्रतिनिधिसभाभित्र रहेको वातावरण समितिको सदस्यसमेत रहेका सभासद् प्रधान कृषिलाई अत्यन्त नजिकबाट नियाल्छन् । कागमाडौंको उत्तरी काँठ क्षेत्रलाई तरकारीको पकेट क्षेत्रमा रूपान्तरण गर्ने कार्यमा सभासद् प्रधान लागिपरेका छन् ।



## १८ क्रोयसियाकी बौद्धिक सुन्दरी

'बौद्धिक सुन्दरी'का नामले परिचित क्रोयसियाली सुन्दरी म्यारिना ज्याकसिक आफ्नो देशको मातृभाषाबाहेक जर्मन, फ्रेन्च, टर्किस, अंग्रेजी भाषा राम्ररी बोल्न तथा लेख्न सक्छिन् । क्रोयसियामा फेसन उद्योग लोकप्रिय भए पनि आन्तरिक खपतले मात्र यो उद्योग फस्टाउन नसक्ने बताउँछिन् ।

## २४ जुकरबर्गले कल्पना गरेको नयाँ पुस्ता



दुनियाँ परिवर्तन गर्न लागिपरेका फेसबुकका मालिक जुकरबर्गले छोरी म्याक्स जन्मिएको खुसियालीमा परोपकारी कार्यका लागि ९९ प्रतिशत शेयर दान गर्ने निर्णय गरेका छन् । संसारकै कम उमेरका यी खर्बपतिले संसारमा खुसी छर्न र स्वस्थ राख्न सकियोस् भनी यस्तो घोषणा गरेका हुन् ।



## ३५ टप टेन हलिउड हिरोइन

हलिउडमा पनि हिरोइनहरूबीच व्यापक प्रतिस्पर्धा हुने गरेको छ । वर्षभरि आफूलाई टप टेनमा ल्याउन उनीहरूले अनेक कोसिस गरिरहेको पाइन्छ । हलिउड हिरोइन एन्जेलिना जोली सन् २०१५ मा टप टेनमा अग्रपंक्तिमा देखिएकी छन् ।


Registration number **DAO KTM 216/070/71** | **Hot Nepal**, Entertainment & Lifestyle monthly magazine is published by **Dream Nepal Publiications Pvt. Ltd.** | **Address:** Gongabu, Kathmandu, **Phone:** 01-4356141 | **Email :** hotdreamnepal@gmail.com | Managing Director: **Kalpana Upreti** | Chairman and Editor-in-Chief: **Byakul Pathak**

सम्पादकीय



# इभेन्टको महत्व

केही दशकयता नेपालमा पनि इभेन्ट म्यानेजमेन्टको विकास भएको छ । इभेन्ट म्यानेजमेन्टले प्रतिभा प्रस्फुटनलगायत सामाजिक परम्परा र संस्कृतिको उत्थानलाई फराकिलो बनाउने कार्यमा मद्दत गरेको छ । इभेन्ट म्यानेजमेन्टको विकासले नेपालको कला तथा संस्कृति र कलाकारिताको देश-देशावरमा उल्लेखनीय ढंगबाट प्रचार-प्रसार भएको छ । विश्वमा नेपाली कला-संस्कृति र कलाकारिताको पहिचान दिलाउनमा इभेन्ट म्यानेजमेन्ट माध्यमको रुपमा विकास भएको छ । नेपालको परिप्रेक्ष्यमा कुनैबेला मिस नेपालको इभेन्ट भनेको हुनेखानेको लागि मात्र भन्ने गरिन्थ्यो । त्यो हुनेखानेको भनिएको इभेन्टलाई आम जनसमुदायकै लागि हो भन्ने मान्यता विस्तारै विकास हुन थालेको छ । पछिल्लो समयमा बाक्लो रुपमा हुन थालेका विभिन्न किसिमका इभेन्टले इभेन्टप्रति आम मानिसमा देखिएको भ्रम चिर्न मद्दत पुऱ्याएको छ । हुनेखानेको मात्र इभेन्ट भनिदै आएको कतिपय अवस्थामा नहुनेको लागि पनि कतिपय इभेन्टले मौका र अवसर दिएको छ । इभेन्टकै प्रतिस्पर्धाले पिछडिएका भनिएका कतिपय पनि विभिन्न माध्यमबाट अग्रपंक्तिमा आउन सफलता पाएको पाइन्छ । सानो घेरा र आफ्नै परिधिमा मात्र अलमलिरहेको पहिचानलाई सर्वत्र फैलाउने कार्य इभेन्ट मार्फत नै हँदै आएको छ ।

इभेन्ट भनेको पर्व तथा अवसरलाई छोपेर गरिने कुनै पनि ठूला तथा साना कार्यक्रम भनेर बुझ्न सकिन्छ । यस्ता इभेन्टहरु स्वदेश तथा विदेशमा हुने गरेका छन् । यस्ता कार्यक्रमको माध्यमबाट धेरैले रोजगारी पाइरहेका छन् । स्वदेशमा कलाकारिताको माध्यमबाट जीवनयापन गर्न कठिनाइ भइरहेको गुनासो गर्ने प्रतिभावान कलाकारहरुका लागि इभेन्ट राम्रो रोजगारीको माध्यम बनेको छ । राम्रो जीवनशैली बनाउनमा कलाकार लगायत यसमा आबद्ध सबैको जीवनस्तर उकास्न मद्दत गर्ने कार्य भएको छ । दुई सय रुपैयाँबाट जिन्दगी सुरु गर्नेहरु पनि २ करोडको मालिक बनेको धेरै उदाहरण पाइएको छ । 'मेरी बास्सै' टेलिसिरियलका माग्नेबूढा केदार घिमिरे रोलअनुसार उनको पहिलाको जीवनस्तर माग्नेको जस्तै थियो । माग्नेबूढा चरित्रको क्रेजले देशदेशावरमा माग भयो । इभेन्टले उनलाई जनसमक्ष पुऱ्याउन मद्दत गऱ्यो । देशदेशावरमा उनको पहिचानको व्यापक वृद्धि भयो । फलतः उनको जीवनस्तर उकासिंदै गयो । राजधानीमा राम्रो घरबार जोड्न सफलता मिल्यो । छोराछोरीलाई राम्रा स्कुलमा पढाउन सक्षम भए । सडकबाट महलसम्म माग्नेबूढालाई इभेन्टले नै पुऱ्याएको कुरालाई उनी आफैले पनि स्वीकारेका छन् । माग्नेबूढाजस्तै धेरै प्रतिभावान् कलाकारहरुको जीवनस्तर उकास्न इभेन्टले धेरै सहयोग पुऱ्याएको छ ।

एकातिर लोभलाग्दो रोजगारीको अवसर तथा अर्कोतिर देशदेशावर घुम्ने अवसर दिने इभेन्ट आयोजना गर्ने प्रोग्रामरहरु संस्थागत हुन भने आवश्यक छ । कतिपय इभेन्ट म्यानेजमेन्ट संस्थागत विकासतर्फ केन्द्रित भइसकेका छन् तर धेरैजसोमा त्यस्तो स्तर विकसित भइसकेको छैन । संस्थागत विकासबाट दीर्घकालीन विकास हुने गर्दछ । दीर्घकालीन विकास हुनु भनेको इभेन्टले निरन्तरता पाउनु हो । स्वदेश तथा विदेशमा विभिन्न नाममा आयोजना गरिने इभेन्टले कलासंस्कृतिको विकास, रोजागारी वृद्धि तथा पर्यटन प्रवर्द्धनमा पनि टेवा पुगिरहेको हुन्छ । पर्यटकीय नगरी पोखराको लेकसाइडमा अंग्रेजी नयाँ वर्ष २०१६ का अवसरमा गरिएको सडक महोत्सव त्यस्तै एउटा उत्सव थियो, जसले भूकम्प र नाकाबन्दीका कारण थिलथिलो भएको नेपालको पर्यटन उद्योगलाई जीवन दिन थोरै भए पनि मद्दत पुऱ्यायो । इभेन्टप्रति खासगरी नयाँ पुस्ता बढी आकर्षित हुन्छन् । इभेन्ट आयोजकको ध्यान पनि युवाप्रति नै लक्ष्यित भएको पाइन्छ । तर इभेन्ट हरेक उमेर र पेसा केन्द्रित गर्न सकिन्छ । त्यसैले इभेन्टमा विविधताको खाँचो छ । यसमा भित्रिन खोजेको विकृतिलाई हटाउनु पर्छ र इभेन्टलाई समाज र देशको हितमा नियमित संचालन हुने कार्यक्रम बनाउनु पर्छ ।



**व्याकुल पाठक**
**प्रधान सम्पादक**

कतिपय इभेन्ट म्यानेजमेन्ट संस्थागत विकासतर्फ केन्द्रित भइसकेका छन् तर धेरैजसोमा त्यस्तो स्तर विकसित भइसकेको छैन। संस्थागत विकासबाट दीर्घकालीन विकास हुने गर्दछ। दीर्घकालीन विकास हुनु भनेको इभेन्टले निरन्तरता पाउनु हो। स्वदेश तथा विदेशमा विभिन्न नाममा आयोजना गरिने इभेन्टले कला संस्कृतिको विकास, रोजगारी वृद्धि तथा पर्यटन प्रवर्द्धनमा पनि टेवा पुगिरहेको हुन्छ।

## पुस्ता हस्तान्तरणमा सुस्तता

नेपाली चलचित्रका सदावहार सुन्दरी नायिका करिश्मा मानन्धरकी छोरी कविता मानन्धरलाई आमाजस्तै नेपाली चलचित्रमा रम्ने रहर नभएको जानकारी मैले हट नेपाल पत्रिकाबाट थाहा पाएँ । कविता यतिखेर अमेरिकामा पढाइलाई नै निरन्तरता दिइरहेकी रहिछन् । करिश्मा पनि छोरीको चाहनामा आफू रहेको र छोरीलाई जबरजस्ती चलचित्रमा ल्याउने कुनै रहर नभएको भन्छिन् । करिश्माकी एक मात्र छोरी कविताबाट आमाको बागडोर सम्हाल्ने सम्भावना न्यून भए पनि भोलिको दिनमा भन्न नसकिने कविताका पिता अभिनेता विनोद मानन्धरको ठहर रहेको छ । जुन अभिव्यक्ति हट नेपाल अंक २५ मा अभिव्यक्त कुराले नेपाली चलचित्र उद्योगका नम्बरी कलाकारका सन्तान नै बाउआमाको बागडोर सम्हाल्ने पक्षमा देखिएका छैनन् भनेर बुझ्नु पर्ने हुन आउँछ । जति पनि चलचित्र उद्योगमा देखिएका कलाकारका सन्तान छन्, उनीहरूमा पनि बाउआमामा जस्तो धैर्य र समर्पण देखिएको छैन । बलिउडमा जस्तो नेपाली चलचित्र उद्योगमा पुस्ता हस्तान्तरण र कलाकारका सन्तानले बागडोर सम्हाल्ने स्थिति देखिएको छैन । यसो हुनुमा हट नेपालको विशेष आलेखमा उल्लेख भएजस्तो उचित अवसर तथा संभावनाको कमी भएरै त्यसो भएको होला भन्ने मेरो मान्यता । समसामयिक जानकारीमूलक लेख प्रकाशित गरेकोमा हट नेपाललाई धन्यवाद ।

– शारदा श्रेष्ठ, संग्रामवस्ती, काठमाडौं

## संगीतबजारको सिजन अफ

नेपाली संगीत बजारको पनि आफ्नैखाले सिजन हुने गरेको छ । सिजनमा मात्र संगीतको व्यापार हुने गरेको र बेसिजनमा अरू व्यवसाय जस्तै सेलाउने गरेको छ । नेपाली संगीतको सिजन भनेको बैशाख महिनाबाट असोज महिनासम्म बढी हुने गर्दछ । बाँकी ६ महिना सिजन अफ जस्तै हो । यी ६ महिनामा संगीत बजारमा सामान्य चहलपहलबाहेक खासै अरू नहुने हट नेपाल अंक २५ मा दाबीसहितको संगीतबजारको रिपोर्टमा उल्लेख भएको कुरा सही हो । नेपाली संगीत बजारको अवस्थाका बारेमा जस्ताको तस्तै हट नेपालले रिपोर्ट पेश गरेको छ । जुन यथार्थ हो । म आफै पनि नेपाली संगीतबजारमा प्रत्यक्ष संलग्न संगीतकर्मी भएको हैसियतले यो समयमा मेरो कम्पनीमा पनि संगीतको खासै चहलपहल छैन । पुस-माघ महिनाको चरम जाडोमा त संगीतको खासै व्यापार नै हुने गरेको छैन । संगीतको सिजन अफ भएको यो मौसमलाई म मिनपचासको बिदा नै भन्न रूचाउँछु ।

– हरिशरण सायमी, स्ट्रीङ रेकडर्डिङ स्टुडियो, अनामनगर

## मौलिक नेपाली रेष्टुरेन्टको माग वृद्धि

नेपालीहरूमा पनि नेपाली टिपिकल अर्गानिक खाना खान हरेक दिन नभए पनि हप्ताको एकपल्ट वीकेन्ड मनाउन भए पनि त्यस प्रकारका खाना खान जाने गरेको पाइन्छ । यिनै कुरालाई मध्यनजर गरेर काठमाडौंको लाजिम्पाटस्थित पाँचतारे होटल र्‍याडिसनको आगनैमा एक वर्षयता नेपाली भोजन टेष्ट अफ हिमालय नारासहितको नेपाली भोजन




नामक रेष्टुरेन्ट संचालनमा आएको छ । विशेषतः यस्ता मौलिक नेपाली रेष्टुरेन्टले नेपाली कलाको विकास गर्नुको अलावा नेपाली अर्गानिक खानेकुराको प्रवर्द्धनमा सहयोग गरिरहेको पाइन्छ । यस्ता रेष्टुरेन्टहरूको विकास र प्रवर्द्धनमा विदेशी मात्र नभई स्वदेशी उपभोक्ताहरूको पनि चासो हुनु आवश्यक रहेको मेरो भनाइ छ । यसबाट मात्र यस्ता रेष्टुरेन्टहरूको विकासमा थप सघाउ पुग्ने मैले अपेक्षा गरेकी छु । केही समयदेखि हट नेपालका विभिन्न अंकमा रोजाइको रेष्टुरेन्टमा यस्ता रेष्टुरेन्टहरूको बारेमा जानकारी दिने कार्य भएको छ । त्यसको म सह्राहना गर्दछु ।

– सुनिता कायस्थ, इमाडोल, ललितपुर

## वर्ल्ड हस्पिटालिटी अवार्ड नेपालीको गौरव

हट नेपाल मासिकका स्तम्भकार तथा पाँचतारे होटल सांग्रिलाका एक्जुकेटिभ चिफ सेफ महेशराज ढकाललाई वर्ल्ड हस्पिटालिटी अवार्ड–२०१५ प्रदान गरिएको खबरबाट एकदमै खुसी लागेको छ । फ्रान्सको पेरिसमा आयोजित वर्ल्ड हस्पिटालिटी अवार्ड-२०१५ मा नेपालबाट सहभागी ढकाल फस्ट रनरअप बनेका थिए । विश्वभरिबाट पर्यटन तथा आतिथ्य सत्कार क्षेत्रका १९ प्रतियोगीहरूमध्ये अन्तिम प्रतिस्पर्धामा ढकाल फस्ट रनरअप बनेको खबर अवश्य पनि चानचुने कुरा होइन । यस कुरालाई नेपाल सरकार तथा पर्यटन क्षेत्रका निकायले व्यापक रूपमा प्रचार-प्रसार गरेको मैले महसुस गर्न पाएको छैन । ढकाल पुरस्कृत हुनु भनेको नेपाल र नेपालको पर्यटन क्षेत्र पुरस्कृत हुनु हो । यसले गर्दा नेपालको गौरवको विषय बन्ने गरेका यस्ता खबरलाई बढी नै हाइलाइट गरिनु आवश्यक छ । भविष्यमा देशकै गौरव राख्ने यस्ता व्यक्तित्वलाई अझै होसला बढ्ने खालको काम गर्नमा सरकारले कन्जुस्याइँ नगरोस् भन्ने सुझाव दिन चाहन्छु ।

– पुरन चौधरी, पोखरा ।

सम्पर्क hotdreamnepal@gmail.com www.facebook.com/hotnepalmagazine @HotNepalMag

## नेपालको पर्यटन प्रवर्द्धनमा चिनियाँ टोली




वैशाख १२ को भूकम्पपछि धरासयी भएको नेपालको पर्यटन उद्योगको प्रवर्द्धन गर्न एक चिनियाँ टोली नेपाल आएर विभिन्न कार्यक्रम सम्पन्न गरेको छ । उक्त टोलीले पाटन दरबार क्षेत्रको भ्रमण गरेर त्यस क्षेत्रलाई चिनियाँ पर्यटक माझ चिनाउन योगदान दिएको छ । विश्व बैंक र नेपाल पर्यटन बोर्डको संयोजकत्वमा चिनियाँ टोली नेपाल आएको हो । टोलीमा ६ जना चिनियाँ पत्रकार, एक जना चलचित्र अभिनेत्री रहेका थिए । साथै टोलीमा एक जना नेपालको लागि चीनमा रहेका पर्यटन प्रवर्तक र अर्का एक ड्यागन एयरका प्रतिनिधि समेत रहेका थिए । अभिनेत्री जाउले नेपाल आएर यहाँको प्राकृतिक सौन्दर्य हेर्न पाउँदा खुसी लागेको बताइन् । उनले नेपालको पर्यटन प्रवर्द्धन गर्न आफूले सक्दो मद्दत गर्ने प्रतिबद्धता व्यक्त गरिन् । भ्रमणका क्रममा सहभागीहरूले 'आइ एम इन नेपाल नाउ' लेखेको प्लेकार्ड बोकी तस्वीर खिचाएका थिए । टोलीले पोखरा, चितवन र बन्दीपुरको पनि भ्रमण गरेको थियो । मंसिर ११ गते नेपाल आएको टोली ६ दिने भ्रमण पूरा गरी चीन फर्किएको छ ।

## एलजी डी सिने अवार्डमा नोभेम्बर रेनको बर्चस्व




काठमाडौंको बबरमहल हाइटस्थित कार्की ब्याङ्क्वीटमा आयोजित एलजी-डी सिने अवार्ड भव्य रूपमा गत सम्पन्न भएको छ। छायाँछवि क्रियशनको आयोजनामा भएको सातौ संस्करणको एलजी-डी सिने अवार्डमा २८ विधामा अवार्ड प्रदान गरिएको छ । २०७१ सालमा रिलिज भएका ८२ वटा नेपाली चलचित्रको सहभागिता रहेको अवार्ड कार्यक्रममा चलचित्र नोभेम्वर रेनले उत्कृष्ट चलचित्रको अवार्डसहित आठ विधामा अवार्ड जितेको छ। 'नोभेम्वर रेन'बाट आर्यन सिग्देल उत्कृष्ट अभिनेता बन्दा सोही फिल्मबाट नम्रता श्रेष्ठ उत्कृष्ट अभिनेत्री, दिनेश राउत उत्कृष्ट निर्देशक, छुल्टिम गुरुङ उत्कृष्ट सह-अभिनेत्री, सामिप्यराज तिमिल्सिना उत्कृष्ट संवाद, राजेश श्रेष्ठ उत्कृष्ट छायाँकार र युवराज चौलागाईंले उत्कृष्ट गायकको अवार्ड जिते । फिल्म 'वर्ल्ड कप इन नेपाल'बाट रामशरण पाठकले उत्कृष्ट कथाकारको अवार्ड पाउँदा 'कबड्डी'बाट रामबाबु गुरुङ र उपेन्द्र सुब्बाले उत्कृष्ट पटकथामा अवार्ड पाए। गजित बिष्टले उत्कृष्ट सहअभिनेताको अवार्ड पाउँदा सुदर्शन थापाले नवअभिनेताको अवार्ड हात पारे। क्रिटिक्स अवार्ड अन्तर्गत अभिनेताको अवार्ड दयाहाङ राई र अभिनेत्रीको अवार्ड प्रियंका कार्कीलाई प्रदान गरियो भने जुरी अवार्ड फिल्म 'भिमदत्त'ले पायो । 'सुनपानी'ले विशेष फिल्मको अवार्ड पाउँदा पब्लिक च्वाइस अवार्ड 'कोहिनुर'लाई प्रदान गरियो । सविन श्रेष्ठले प्रोत्साहन अवार्ड पाए । अवार्ड समारोहमा फिल्मकर्ममा उल्लेख्य योगदान दिएका चलचित्र वितरक तथा निर्माता गोपाल कायस्थसँगै पुरानी अभिनेत्री गौरी मल्ललाई दोसल्ला तथा प्रमाणपत्रसहित 'छायाँछवि फिल्मकर्मी रजत सम्मान' प्रदान गरियो भने फिल्म पत्रकार डब्बु क्षेत्रीलाई 'छायाँछवि चलचित्र पत्रकारिता पुरस्कार' बाट ७ हजार ७ सय ७७ रुपैयाँ राशिसहितको पुरस्कार प्रदान गरियो ।

## छोराको करियर बनाउन भुवनको कसरत



छोरोका लागि निर्देशक बनेका अभिनेता भुवन केसीको पहिलो निर्देशन रहेको फिल्म 'ड्रिम्स'को फस्ट लुक सार्वजनिक गरिएको छ । क्रिसमस डेको अवसर पारेर भुवनले फिल्मको पोस्टर सार्वजनिक गरेका हुन् । सार्वजनिक पोस्टरमा फिल्मका मुख्य भूमिका निर्वाह गरेका अनमोल केसी र साम्राज्ञी राज्यलक्ष्मी शाहलाई फिचरिङ गरिएको छ । ३० वर्षे फिल्मी यात्रामा भुवनले छोराको करियरलाई अगाडि बढाउन आफ्नै निर्देशनमा फिल्म कम्पनीबाट फिल्म ड्रिम्सको निर्माण गरेका हुन् । यसअघि भुवनले आफ्नो फिल्म कम्पनी काजल फिल्मस्को ब्यानरबाट करोडपति, नेपाली बाबु, म तिमी बिना मरिहाल्छु जस्ता सुपरहिट फिल्म निर्माण गरिसकेका छन् । सफल निर्माताको परिचय बनाएका भुवन केसी र नयाँ पुस्तामा सर्वाधिक रूचाइएका अनमोल केसीको सहकार्य रहेको यो फिल्मलाई धेरैले चासोका रूपमा लिइएका छन् । छोरा र बाउको ड्रिम्स अर्थात् सपना कतिको पूरा हुने हो या होइन ? त्यो भने भन्न सकिने अवस्था छैन । २५ वर्षअघि छोराको करियरलाई बलियो बनाउन भुवन केसीका बाउ मदनमोहन केसीले चलचित्र 'सपना' निर्माण गरेका थिए । सोही सिलसिला दोहोऱ्याउने कार्य भुवनले पनि गरेका छन् । भुवनको करियरलाई बलियो बनाउन निर्माण गरिएको चलचित्रको नाम पहिला 'सपना' राखिएको थियो भने अहिले अनमोललाई मूल्यवान बनाउन 'ड्रिम्स' राखिएको छ ।

## वरिष्ठ गायक भृगुरामलाई दान्यहिरा पुरस्कार



बर्सेनि प्रदान गरिँदै आएको दान्यहिरा पुरस्कार-११३५ नेपालभाषाका वरिष्ठ गायक एवम् कलाकार भृगुराम श्रेष्ठलाई प्रदान गरिएको छ । नेपालभाषा एकेडेमीले ललितपुरमा आयोजित कार्यक्रममा कलाकार श्रेष्ठलाई नेपालभाषाको गीत-संगीतको क्षेत्रमा विशेष योगदान दिएवापत उक्त पुरस्कार दिइएको हो । लामो समयदेखि नेपालभाषाका गीत-संगीत तथा चलचित्रमा योगदान दिँदै आएका पुरस्कृत गायक श्रेष्ठ बहुचर्चित नेपालभाषाको प्रथम चलचित्र सिलुकी नायिका नविना श्रेष्ठको पिता पनि हुन् । नेपाली चलचित्र उद्योगमा नायिका श्रेष्ठले चमत्कारी स्थान राख्दै आएको समयमा पचासको दशकमा निधन भएको थियो । छोरीको निधनबाट केही समय बेचैन देखिएका गायक श्रेष्ठले संगीतलाई मल्हमका रूपमा लिएर नेपालभाषाको संगीत प्रवर्द्धनमा नै लागेर बेग्लै इतिहास कोर्न सफल बने । सोही योगदानको कदर भएकोमा श्रेष्ठले गर्व महसुस गरेका छन् । समारोहमा दान्यहिरा सान्त्वना पुरस्कार संगीतकार जुगल डंगोललाई दिइएको थियो ।

## नेपालभाषाका सयौं चलचित्र, दर्ता ६ वटा मात्र

नेपालभाषामा एक सयभन्दा बढी चलचित्र निर्माण भएका छन् । तर, ती चलचित्रको आँकडा चलचित्र विकास बोर्डसँग पनि छैन । नेपालभाषाका अनगिन्ती चलचित्र बन्ने गरेका छन् । तर, बोर्डले ती चलचित्रको दर्ता तथा सेन्सर नगरेको बुझिएको छ । बोर्डमा हालसम्म ६ वटा नेपालभाषाका चलचित्र मात्र दर्ता भएका छन् । नेपालभाषामा निर्माण भएको प्रथम चलचित्र सिलुको सेलुलाइड प्रविधिमा निर्माण भएर प्रदर्शन हुँदा अन्य भाषाभाषीका नेपालीहरूले पनि अत्यन्त मन पराएका थिए । नेपाल भाषाको चलचित्र राजमतीले पनि प्रदर्शनको ऐतिहासिक कीर्तिमान नै कायम गरेको कुरालाई नकार्न सकिंदैन । 'सिलु' र 'राजमती'पछि चर्चाको दृष्टिकोणले बाला-मयजु देखिएको छ । 'बाला-मयजु'को चर्चा र प्रदर्शनले यस चलचित्रलाई चलचित्र विकास बोर्डले नेशनल अवार्ड नै दिएर सम्मान गरेको थियो । त्यसपछि ऐतिहासिक चलचित्र 'पटाचारा'ले पनि नेपालभाषी चलचित्रको क्षेत्रमा राम्रो पकड राख्न सफलता पाएको थियो । यस चलचित्रलाई पनि चलचित्र विकास बोर्डले नेशनल अवार्ड दिएको थियो । पछिल्लो समय दुई नेपालभाषाको चलचित्र 'छहे मदुसा' र 'कृषा गौतमी'ले बोर्डमा दर्ता र सेन्सर गरिएको छ । यी ६ वटा नेपालभाषाका चलचित्रबाहेक अरू चलचित्रले दर्ता तथा सेन्सर गरिएको छ । यसो हुनुमा नेपालभाषामा निर्माण भएका चलचित्रले उचित हल तथा दर्शक नपाएर पनि सम्बन्धित चलचित्रका निर्माता तथा निर्देशकले विकास बोर्डमा चलचित्र दर्ता गर्न उचित नमानेको तर्क नेपालभाषा संकिपा समाजका अध्यक्ष सुरेन्द्र तुलाधर गर्छन् । बोर्डमा चलचित्र दर्ता मात्र गर्न १३ हजार र सेन्सर गर्न २५ हजार गरेर ३८ हजार खर्च लाग्छ । तर, त्यसको प्रतिफल नआउने भएकाले पनि दर्ता गर्ने जाँगर नेपालभाषी चलचित्र निर्माताहरूमा नदेखिएको तुलाधर बताउँछन् ।




यसमा विकास बोर्डले भाषाभाषीका चलचित्रलाई सकभर निःशुल्क तथा नभएमा न्यून शुल्क लिएर दर्ता तथा सेन्सर गराउने बोर्डले नीति पास गरेमा नेपालभाषी चलचित्रले मात्र होइन, अरू भाषाभाषी चलचित्रको पनि दर्ता तथा सेन्सरमा वृद्धि हुने उनको धारणा छ । यस सम्बन्धमा विकास बोर्डका अध्यक्ष राजकुमार राई पहल भइरहेको बताउँछन् । चाँडै नै आदिवासी जनजातिका चलचित्रहरूको दर्ता तथा सेन्सर प्रोत्साहनका लागि प्याकेज नै ल्याउने तर्खरमा आफू रहेको राईले बताए ।

## कला यात्राको कला प्रदर्शनी सम्पन्न

पर्यटन तथा नागरिक उड्डयनमन्त्री आनन्दप्रसाद पोखरेलले क्यानभासमा सूर्यको चित्र कोरेर पुस १४ गते प्रारम्भ गरेका पुस १८ गते सम्पन्न भएको छ । कला यात्राको कला प्रदर्शनीमा २८ कलाकारका विभिन्न कला प्रदर्शनी गरिएको थियो । ललितपुरको सौगलस्थित योङ् पिकासो कम्युनिटी आर्ट स्कुलको आयोजनामा भएको कला यात्राको कला प्रदर्शनीमा ललितपुरको गोदावरी र चापागाउँमा गत कात्तिक २१ र २२ गते आयोजित कलायात्रामा कोरिएका कला नै प्रदर्शनी गरिएको जानकारी आयोजक योङ् पिकासोका कार्यकारी प्रमुख तथा कलाकार अजय देसारले दिएका छन् । कला प्रदर्शनी काठमाडौंको बबरमहलस्थित आर्ट काउन्सिलको ग्यालरीमा भएको थियो ।



तस्वीर : कविन्द्रमान शाक्य

# मालाको मेकअप

नेपाली चलचित्र उद्योगमा पछिल्लो छिमलकी नायिका माला लिम्बूको पहिलो चलचित्र वान-वे हो । नेपाली चलचित्र उद्योगमा वान-वे बाटोबाट पसेकी नायिका लिम्बूलाई अब यो क्षेत्रबाट फर्कने मन छैन । चलचित्र वान-वेको केही महिना अगाडि प्रदर्शन पनि भैसकेको छ । वान-वेबाट केही उपलब्धि हासिल गर्न नसके पनि पछिल्लो चलचित्र गुड बाई काठमाडौंबाट उचाइ थप्ने अपेक्षा उनले राखेकी छन् ।

चलचित्रमा अभिनय गर्ने बचपनको चाहना भएतापनि होमटाउन धरानवाट काठमाडौ आउंदा उनको मनमा एअरहोस्टेज बनेर आकाशमा उड्ने थियो । त्यसको लागि केही समय प्रयास पनि गरेकी थिइन् । चाहना फिल्म लाइन र मोडलिङ्ग भएकोले एअरहोस्टेज बन्ने मनको रहर पूरा गर्न सकिनन् । यसमा उनलाई कुनै दुःख र पीडा छैन् । नायिका र मोडल बनेर सवैतिर छोटो समयमा नै चिनिन पाएकोमा उनी गर्वित बनेकी छन् । चलचित्रको अभिनयवाट फुर्सद पाएको बेलामा प्राय उनी मोडलिङ्ग र इभेन्ट म्यानेजमेन्टको काममा नै व्यस्त हुने गरेकी छन् । भविष्यमा राम्रो र सफल कलाकारका अलावा विश्वमै ख्यातिप्राप्त मोडलका रूपमा चिनारी बनाउने लक्ष्यमा उनी रहेकी छन् । त्यसका लागि निरन्तर मेहनत गरिरहेको उनी बताउंछिन् ।

पहिरनको हकमा मालालाई शरीरमा फिट हुने पहिरन मनपर्छ । सस्तो या महँगो जस्तो भए पनि शरीरमा सुहाउने जुनसुकै पहिरन उनको रोजाइमा पर्छ । डार्क ब्लु, रेड तथा ग्रे कलरका पहिरन उनलाई विशेष मन पर्छन् । पार्टीमा नाच्न अप्ठ्यारो हुने भएकाले उनलाई छोटा जामा एवं स्कर्ट मन पर्दैनन् । उनी घुँडासम्म पुग्ने पहिरनमा सहज तथा आराम महसुस गर्छिन् । घरमा बस्दा भने खुकुला पहिरन लगाउन मनपर्ने बताएकी छन् । यो जाडो मौसममा न्याना र बाक्ला लुगा नै लगाउने मन पराउने गरेकी उनले जाडो मौसममा बाक्ला तथा डार्क कलरका विशेषतः ब्ल्याक ड्रेस उनको रोजाइमा पर्ने गरेको छ ।

मेकअप तथा हेयर स्टाइल गर्नमा बढी नै उनको रूचि रहेको छ । मेकअप तथा हेयर स्टाइल चेन्ज गरिरहने बानी भएकोले शुद्ध लिम्बूको छोरी भएतापनि कतिले उनको अनुहारमा ब्राह्मण लुक पाउने गरेका छन् । मंगोलियन नभई आर्यन नै हो कि भनेर उनलाई सोधेर हैरान पार्ने गरेको पाइन्छ। उनीहरू सबैलाई उनले यो सबै मेकअप तथा हेयर स्टाइलको कमाल हो भनेर जवाफ दिने गरेकी छ्न ।

एसेसरिजमा मालालाई मालाभन्दा औंठी नै मन पर्ने गहना हो । यद्यपि, गहना हराउने बानी भएकोले अचेल उनलाई गहनामा खासै रूचि छैन् । हाल बजारमा आएका विभिन्न ट्रेन्डका कुनै पनि गहनाले उनलाई आकर्षित गर्न सकेको छैन । उनलाई बढी मनपर्ने एसेसरिजमा जुत्ता हो । अग्लो हिल जुत्ता उनको पहिलो रोजाइमा पर्छ। त्यसपछि उनले बढी मन पराउनेमा स्पोर्ट्स सुज हो । उनी ग्याजेट्सको पनि सौखिन देखिएकी छन् । उनी समयअनुसार व्यक्तित्वमा ध्यान दिने तथा पछिल्ला विकसित प्रविधिका ग्याजेट प्रयोग गर्ने गर्छिन् । ब्राण्डभन्दा पनि सहजता र सरलता उनको च्वाइसको ग्याजेट्समा पर्ने गर्छ ।

अष्ट्रेलियामा रहेकी नेपाली हट पपस्टार स्मृति पोखरेल यतिखेर निकै उत्साही बनेकी छन् । पहिलोपल्ट नेपालबाहिर दुबईमा स्मृति लाइभ कन्सर्ट गर्ने अन्तिम तयारीमा रहेकी पोखरेल आफैले उक्त कन्सर्टको इभेन्ट म्यानेजमेन्टको जिम्मेवारी लिएकी छन् । लाइभ गाउने र आफैले दुबईको फाइभ स्टार होटल एशियानामा कन्सर्ट गर्नु र गराउनु चुनौतीपूर्ण काम हो । एक नेपाली चेलीले पहिलोपल्ट विदेशको भूमिमा नेपाली लाइभ कन्सर्ट गर्न कम्मर कस्नु साहसिक काम भएको अष्ट्रेलियामा रहेका नेपालीहरु बताउँछन् ।

दुबईमा रहेका नेपालीहरु पनि नेपाली हट पपस्टार पोखरेलको लाइभ कन्सर्ट हेर्न आतुर बनेका छन् । अष्ट्रेलियाको नर्सिङ होमको ड्युटीमा रहँदा समेत आधा रातसम्म पनि पपस्टार पोखरेल दुबई कन्सर्टकै लागि दुबईमा रहेका सारा नेपालीको साथ र सहयोगका लागि लबिङ गर्नमा व्यस्त बन्ने गरेकी छन् । नयाँ



# इभेन्टको शान







वर्ष २०१६ को जनवरीमा हुने उक्त कन्सर्टमा नेपालबाट पपस्टार अनिल सिंह, गायक कमल खत्री, भिजे सुशील नेपाल, हाउडे एण्ड आरोन, आशीष पुरूषलगायतका कलाकारहरूको सहभागिता रहने भएको छ । दुबईपछि पपस्टार पोखरेलले जापानमा पनि लाइभ कन्सर्ट गर्ने जानकारी दिएकी छन् । स्मृति लाइभ कन्सर्ट मार्फत देश-देशावरमा नेपाल र नेपालीको शान तथा मर्यादाको पहिचान प्रस्तुत गर्नमा आफू पछि नपर्ने पोखरेल बताउँछिन् ।

बेलायतमा हरेक नेपाली कार्यक्रम गर्ने प्रमुख उद्देश्यले १६ वर्षअगाडि नै स्थापना भएको सपन इन्टरटेनमेन्ट निरन्तर क्रियाशील रहेको छ । विशेष गरेर नेपालबाट नेपाली स्टारहरूलाई बेलायतमा बोलाएर न्यू इअर, दसैं लगायतका विभिन्न पर्व तथा उत्सवहरूमा लाइभ कन्सर्ट गर्ने गरिएको जानकारी सपन इन्टरटेनटमेन्टका मेनेजिङ डाइरेक्टर सपनकुमार राईले दिएका छन् । मेनेजिङ डाइरेक्टर राई आफै पनि गायक तथा ब्याण्ड परफरमर भएकाले लाइभ कन्सर्ट गर्न अझ सरल भएको छ ।

नेपालीहरूको बाक्लो उपस्थिति रहेको बेलायतका विभिन्न स्थानमा लाइभ कन्सर्ट गर्ने कार्यमा सपन इन्टरटेनटमेन्ट अग्रपंक्तिमा नै रहेको छ । नेपालीहरूको विभिन्न उत्सव तथा पर्वहरूमा कुनै पनि प्रकारका बाजा तथा म्युजिकल इन्स्ट्रुमेन्ट भाडामा दिने कार्य पनि गर्दै आएको सपन इन्टरमेन्ट बेलायतमा इभेन्ट म्यानेजमेन्टको अग्रणी कम्पनी हो । यस कम्पनी मार्फत बेलायतमा धेरै नेपाली स्टारहरूले कार्यक्रम गरिसकेका छन् । अझै पनि विभिन्न कार्यक्रम गर्ने र गराउने कार्यमा कम्पनी क्रियाशील रहेको जानकारी मेनेजिङ डाइरेक्टर राईले दिएका छन् ।

विशेषतः मातृभूमि नेपालमा गत बैशाख १२ र २९ गते आएको विनाशकारी महाभूकम्पबाट पीडितहरूको सहयोगार्थ बेलायतमा विभिन्न सहयोगात्मक कार्यक्रमहरूको इभेन्ट म्यानेजमेन्ट गरी राहत संकलन गरेर नेपालमा सहयोग पुऱ्याउने कार्य समेत उक्त कम्पनीबाट भएको छ । बेलायत जाने नेपाली स्टारहरूका लागि बेग्लै पहिचान राख्ने कार्यमा उक्त कम्पनीको योगदान रहँदै आएको छ ।

केही महिनाअघि मात्र नेपालबाट थाइल्याण्डमा भीम तुलाधर लगायतका नेपाली पपस्टारहरूको टोलीलाई लिएर लाइभ कन्सर्ट गरेर आएको रिभेल इभेन्ट म्यानेजमेन्टका सीइओ पपस्टार राजेश हमाल इभेन्ट म्यानेजमेन्ट नेपालमाभन्दा विदेशमा गर्न अलि समस्या देखिए पनि विदेशमा बसेका नेपालीहरूको सहयोगले सहज हुने गरेको बताउँछन् । इस्वी संवत्को हरेक नयाँ वर्ष तथा विक्रम संवत्को नयाँ वर्षमा न्यूइअर इभेन्ट गर्दै आएका पपस्टार हमालले नेपालका पाँचतारे होटलका



**इभेन्ट म्यानेजमेन्टमा आयोजक, फेशन-फोटोग्राफर, मोडलिङ एजेन्सी तथा कोरियोग्राफरहरूको अन्तरसम्बन्ध हुने गर्दछ । मोडलिङ क्षेत्र यस्तो क्षेत्र हो, जसले पहिरन, सौन्दर्य र व्यक्तित्व विकासको प्रतिनिधित्व गरी फेसनको दुनियाँलाई परिचय दिने गरेको छ । सौन्दर्य प्रतियोगिता र फेशन-शो लगायतका विभिन्न इभेन्टले मोडलिङ क्षेत्रमा विभिन्न अवसर सिर्जना गर्ने कार्य भएको छ । यसै सन्दर्भमा हट नेपाल संवाददाता सिनोना चौधरीले फेशन तथा मोडलिङ क्षेत्रका विभिन्न चर्चित व्यक्तिहरूको प्रतिक्रिया लिएकी छन् । जुन यस प्रकार रहेको छ–**

## कोरियोग्राफरको महत्वपूर्ण भूमिका



कुनै फेशन-शो तथा ब्युटी कन्टेस्टजस्ता इभेन्ट प्रोग्राम गर्दा स्टेजको साजसज्जा, मोडल छनौट, पहिरन छनौट, स्टेजअनुसार Ramp walk Sequence तथा सोको थिम (विषय) अनुसार मोडलहरूलाई वाक गराउनका लागि कोरियोग्राफरको ठूलो भूमिका हुन्छ । इभेन्टलाई प्रभावकारी बनाउने, नयाँपन थप्ने, सहभागी मोडलहरूलाई हौसला दिने र आत्मविश्वासिलो बनाउने काम कोरियोग्राफरको हुन्छ । दर्शकहरूका सामु पृथक्रूपमा प्रस्तुत गर्नेजस्तो महत्वपूर्ण जिम्मेवारी कोरियोग्राफरको हुने गर्छ । कार्यक्रममा नयाँपन र अन्य शोभन्दा भिन्न प्रस्तुती दिनु नै चुनौतीपूर्ण कार्य हो । मोडलिङ क्षेत्रमा प्रवेश गर्न शिक्षाको एकदमै आवश्यकता हुन्छ । सम्बन्धित क्षेत्रप्रतिको ज्ञान र शारीरिक फिटनेस, आत्मविश्वास, लगाव र शारीरिक सौन्दर्य हुनु आवश्यक छ ।

*– जयन सुब्बा मानन्धर*

*सिइयो तथा कोरियोग्राफर, द र्‍याम्प मोडलिङ एजेन्सी*

## फोटोग्राफीले जीवन्त राख्छ



फोटोलाई मिलाउनु नपर्ने गरी नै खिच्नुअगाडि सही तरिकाले वास्तविक फोटो लिनु फोटोग्राफीको दक्षता हो । गहिरो अध्ययन, रूचि, क्यामेराका उपकरणहरूको ज्ञान, सही नियन्त्रण, सीप तथा विभिन्न अन्य कुराहरूको बारे ज्ञान हुनुपर्ने हुँदा फोटोग्राफी एक विज्ञान र कलाको समिश्रण हो । फेशन फोटोग्राफीमा चाहेको ड्रामाटिक लुक पाउन सकिन्छ । ग्लामर फोटोग्राफीले मोडल र ग्लामरलाई केन्द्रित गरी उच्च शैलीका फोटोहरु प्रस्तुत गर्दछ । कुनै पनि इभेन्ट प्रोग्रामहरूमा त फोटोग्राफीको धेरै नै महत्व हुने गर्छ । फोटोग्राफीले नै उक्त इभेन्टलाई जीवन्त राख्न मद्दत गर्ने गर्दछ ।

*– सुमित शाक्य, संस्थापक तथा फोटोग्राफर, द इमेज पार्क*

## जोखिम लगायतको डर हुँदैन



मोडलहरूलाई तालिम दिने दक्ष बनाउने र आत्मविश्वासिलो बनाउन मोडलिङ एजेन्सीहरु मार्गनिर्देशक बन्न सक्छन् । मोडलिङ पेसा राम्रो हो । यसका लागि मोडलिङ क्षेत्रको ज्ञानको आवश्यक पर्छ । विभिन्न विज्ञापन, म्यूजिक भिडियो, फिल्म, फेशन सो, इभेन्ट तथा अन्य प्रोजेक्टहरूका लागि मोडलहरूको छनौट गरी करार गर्ने गरिन्छ । मोडलहरूले एजेन्सी मार्फत काम गर्दा दीर्घकालसम्म पनि काम गर्ने वातावरण मिल्न सक्छ । एजेन्सीहरु कानुनी मान्यता प्राप्त हुने हुँदा यस मार्फत काम गर्दा जोखिम लगायतका डर पनि हुँदैन । मोडलिङ गर्न कम्प्लेक्सन हेरिदैन । फेसन शोका लागि महिलाका लागि कम्तीमा ५.३ इन्च र पुरूषका लागि ५.७ इन्च र अन्तर्राष्ट्रिय शोका लागि ५.११ इन्च राम्रो मानिन्छ ।

*– पुकार मानन्धर, डेमन मोडलिङ एजेन्सी*

## ज्ञान र आत्मविश्वास आवश्यक छ



मोडलिङ क्षेत्रमा प्रवेश गर्नुअगाडि यस क्षेत्रको ज्ञान, आत्मविश्वास, उत्साह र इच्छा हुन जरूरी छ । फेशन र ग्लामर जगत्मा फरक शैली र प्रस्तुति दिन इभेन्ट अर्गनाइजर सदा तयार हुनुपर्छ । योजना मुताविक कार्यलाई पूरा गर्न उचित कार्य संयोजन र जिम्मेवारी लिन सक्ने क्षमता भए मात्रै यो क्षेत्रबाट सफलता हासिल हुनसक्छ । फेशन इभेन्ट, ब्युटी पेजेन्टका सहभागीहरूले आत्मविश्वास बढाउने मौका पाउनुका साथै विभिन्न अवसरहरु पाउन मद्दत पुग्छ । दर्शकहरूका माझ प्रतियोगीले आफ्नो पहिचान राख्न सक्दछन् ।

*– निशु झा, इभेन्ट अर्गनाइजर*

क्यासिनोहरूमा कार्यक्रम गर्ने गरेका छन् ।

तारे होटलका क्यासिनोमा विशेषतः नेपाली पपस्टार तथा हिरोइन एवम् मोडलहरूलाई प्रस्तुत गर्ने गरिन्छ । नेपालीले हिन्दी तथा अंग्रेजी र नेपाली गीतको भाकामा डान्स गर्ने तथा दर्शकको फर्माइसमा लाइभ गीत गाएर मनोरञ्जन दिने गरिएको रिभेल इभेन्ट म्यानेजमेन्टका म्यानेजर कुवेर कार्की बताउँछन् । नेपाली स्टारहरूलाई न्यूइअर प्रोग्रामहरूमा

मनग्गे पारिश्रमिक दिइने भएकोले पनि रिभेलका इभेन्टहरूमा स्टारहरूको दिनप्रतिदिन आकर्षण बढ्दै गएको कार्कीले बताएका छन् ।

विगत दुई दशकदेखि नेपाली इभेन्टका प्रोग्राम गर्दै आएका क्रियटिभ इभेन्ट नेटवर्क इन्टरनेशनलका सीइओ इरस श्रेष्ठले विशेषतः स्वीमिङ पुलहरूमा ग्राण्ड कन्सर्ट दिंदै आएको बताएका छन् । महाभूकम्प पीडितहरूको सहयोगार्थ केही महिनाअघि श्रेष्ठले सानेपाको अरोमा हेल्थ क्लबमा गरेको ग्राण्ड पुल इभेन्टमा लोकदोहोरीका हट स्टार ज्योति मगरले पुलमा नै लोकदोहोरी गाएर दिएको लाइभ कन्सर्टले नेपाली तन्नेरीहरूको मन उफार्न सफल भएको थियो । दर्शक उफार्ने हट लोकस्टार मगरको बेग्लै शैलीले बेला-बेलामा विवाद ल्याउने गरे पनि यसलाई नौलो मान्ने पक्षमा उनी देखिएकी छैनन् । यसलाई स्वाभाविकता नै मान्ने मगरले विदेशका विभिन्न इभेन्ट लाइभ प्रोग्रामहरूमा पनि उत्तेजक गीत र नृत्यका कारण तहल्का मच्चाइसकेकी छन् । विभिन्न



इभेन्ट म्यानेजमेन्टका लाइभ कन्सर्टमा पपस्टार इन्दिरा जोशीले गीतको माध्यमबाट उफार्दै आएकोमा हट लोकस्टार मगरले गीत तथा जवानी दुवैले उफार्ने कार्य गर्दै आएकी छन् ।

यसले गर्दा पनि ज्योति मगर तथा इन्दिरा जोशी आउने कन्सर्ट भनेपछि दर्शक ह्वात्तै बढ्ने गरेको यथार्थ क्रियटिभ इभेन्ट नेटवर्क इन्टरनेशनलका सीइओ इरस श्रेष्ठ बताउँछन् । काठमाडौं र काठमाडौंबाहिर विभिन्न स्थानमा इभेन्ट म्यानेजमेन्ट लाइभ कन्सर्ट कार्यक्रम गर्दा विशेषतः युवाहरूलाई लक्ष्यित गर्ने गरेको उनले बताए । इभेन्ट गर्नु सामान्य कुरा नभएको बताउने श्रेष्ठ यो कार्य व्यावसायिक रूपमा निकै चुनौतीपूर्ण रहेको स्वीकार्छन् ।

स्थानीय संघ-संस्था, व्यापारीदेखि कलाकार सबैसँग समन्वय गरेर इभेन्ट गर्दा पनि कतिपय स्थानमा मदिरा सेवनका कारण युवायुवतीहरूबीच

## विश्वकै ठूला इभेन्ट : मिस वर्ल्ड र मिस युनिभर्स

विश्वकै ठूला इभेन्टमा मिस वर्ल्ड र मिस युनिभर्स पर्दछन् । यी प्रतियोगिता बेलाबेलामा चर्चा र विवादमा पनि पर्ने गरेका छन् । यो वर्षको मिस वर्ल्ड स्पेनकी सुन्दरी बनेकी छन् । चीनको दक्षिणी शहर सान्यामा पुस ४ गते आयोजित यो वर्षको मिस वर्ल्ड प्रतियोगितामा स्पेनकी २३ वर्षीया मोडल मिरीया लालागुना रोयो विश्व सुन्दरी २०१५ बनेकी छन् । विश्वका १ सयभन्दा एकसे एक सुन्दरीहरूलाई पछाडि पारेर मिस वर्ल्ड बनेकी मिरीया विश्व सुन्दरी-२०१५ घोषणा हुनासाथ खुसी थाम्नै नसकेर रोएकी थिइन् ।

सोही प्रतियोगितामा रूसकी सुन्दरी सोफिया निकिचुक फस्ट रनरअप र इन्डोनेसियाकी सुन्दरी मारिया हारफाँती सेकेण्ड रनर अप बनेकी थिइन् । दक्षिण अफ्रिकाकी गत वर्षकी मिस वर्ल्ड रोलेने स्ट्राउसले यो वर्षकी मिस वर्ल्ड रोयोलाई मिस वर्ल्डको ताज पहिराइदिएकी थिइन् । नेपालबाट सहभागी बनेकी मिस नेपाल २०१५ इभाना मानन्धरले मिस वर्ल्डको प्रतिस्पर्धात्मक राउण्डमा जाउँ-जाउँ रेलैमा बोलको गीतमा नृत्य प्रस्तुत गरेर सबैको वाहवाही पाए पनि कुनै ताज भने जित्न सकिनन् । मिस नेपाल इभानाले नेपालमा बैशाख १२ र २९ गते आएको महाभूकम्पले गरेको विनाशका बारेमा डकुमेन्ट्री प्रस्तुत गर्दा सबैको आँखा रसाएका थिए ।

त्यसै गरेर, अमेरिकाको लसभेगासमा पुस ५ गते सम्पन्न मिस युनिभर्स-२०१५ मा एकलाई लगाइदिइसकेको ताज एकाएक तुरुन्तै त्यसबाट निकाल्न लगाएर अर्कीलाई ताज पहिराइदिंदा ताज पहिला पहिरिनेको बेहाल नै बनेको छ । जसको कारण यो वर्षको मिस युनिभर्स-२०१५ विवादास्पदसमेत बन्न पुगेको छ ।

मिस युनिभर्स-२०१५ को भव्य समारोहमा उद्घोषकले यो वर्षको मिस युनिभर्सको घोषणा मिस कोलम्बिया अरियाडना गुटियारेजलाई गरिएको थियो । उद्घोषक स्टीभ हार्वेले उक्त घोषणा गर्नासाथ अरियाडनालाई मिस युनिभर्स-२०१५ को ताज पहिराइएको थियो ।

त्यसरी तामझामका साथमा ताज पहिरिन पाएको दुई मिनेट नबित्दै उद्घोषक स्टीभले आफूबाट ठूलो गल्ती भएको भन्दै सबैसामु माफी माग्दै यो वर्षको मिस युनिभर्स-२०१५ फिलिपिन्सकी सुन्दरी पिया अलेन्जो वुर्टबाक भनेर पुनः घोषणा गर्दा ताज पहिरिसकेकी अरियाडना हक्क न बक्क परेकी थिइन् । झण्डै उनी रून पनि नसक्ने अवस्थामा देखिएकी थिइन् । मिस युनिभर्स जस्तो अन्तर्राष्ट्रिय सुन्दरी प्रतियोगितामा भएको यसप्रकारको भूलबाट विश्व सुन्दरीहरूमा नराम्रो सन्देश प्रवाह भएको छ ।



भैभगडा भैदिंदा यदाकदा समस्या आउने गरेको क्रियटिभ इभेन्ट नेटवर्क इन्टरनेशनलका सीइओ श्रेष्ठ बताउँछन् । यद्यपि इभेन्टलाई व्यावसायिक रूपमा जस्तासुकै चुनौतीलाई पनि पार गरेर अगाडि बढाउने कार्यमा आफू लागिरहेको जानकारी उनी दिन्छन् ।

स्वदेश तथा विदेशमा हुने इभेन्ट प्रोग्रामहरु नेपाली कलाकार तथा मोडलहरूले प्रतिभा प्रदर्शन गर्नुको अलावा व्यावसायिक रूपमा नाम तथा दाम कमाउने माध्यम बनिरहेको छ । यसले गर्दा कलाकारिता तथा मोडलिङ गरेर ज्यान पाल्न नसकिने भन्नेहरूलाई समेत सही मार्गनिर्देशन दिने कार्य भएको छ । यद्यपि, विदेशमा जस्तो इभेन्ट म्यानेजमेन्ट अझै पनि संस्थागत रूपमा व्यावसायिक बन्न सकेको छैन । रहर तथा सोखका भरमा इभेन्ट प्रोग्राम भइरहेको पाइन्छ ।

व्यावसायिक घराना तथा विज्ञापन प्रवर्द्धकहरूको साथ र सहयोगविना अगाडि बढ्न नसकिने इभेन्ट म्यानेजमेन्ट लहडको भरमा पनि अघि बढ्न नसक्ने धारणा इभेन्ट प्रोग्राममा वर्षौंदेखि लागिपर्दैआएका सन्तोष सापकोटा बताउँछन् । व्यावसायिक रूपमा प्रारम्भमा काठमाडौं जेसिजले मिस नेपाल जस्तो इभेन्ट प्रोग्राम गरेको पाइए पनि त्यसलाई अझ व्यावसायिक पुट दिएर अगाडि बढाउने कार्य हिडन ट्रेजरले सन् १९९७ यता गरेको छ । त्यसलाई निरन्तरता दिने कार्यमा हिडन ट्रेजर नचुकेको संस्थापक निर्देशक गीरेन्द्रमान राजवंशी बताउँछन् ।

मिस नेपालको इभेन्ट गर्नुअघि शिखर एक्सप्रेसजस्ता विभिन्न इभेन्ट म्यानेजमेन्टको कार्य हिडन ट्रेजरले गर्दैआएकोमा मिस नेपाल गर्न थालेपछि यसै कार्यमा हिडन ट्रेजर वर्षभरि नै व्यस्त हुने गरेको राजवंशीले बताएका छन् । मिस नेपाल जस्तै बर्सेनि मिस नेवाः इभेन्ट गर्दै आएकी हेमा मानन्धर पनि इभेन्ट प्रोग्राम गर्नेहरूमा व्यावसायिक प्रतिस्पर्धा हुनुपर्ने औंल्याउँछिन् । व्यावसायिकताले नै इभेन्टको स्तरवृद्धिमा सघाउ पुऱ्याउने मानन्धरको धारणा छ । त्यसका लागि इभेन्ट गर्नेहरूले संस्थागत विकास गर्दै जानुपर्ने सुझाव उनको छ ।

■ **श्याम स्मृत**




SiBN
REDEFINING NEPALI MEDIA

www.radiosarangi.com




*त्यो गुन्जिरहने बाजासँगको आत्मियता, त्यो धुनसँगको अन्तरंग भलाकुसारी।*
*अनि त्यो जीवनको गीत गाउँने सारङ्गी दाइको आफ्नै जीवन गाथा।*
*जसले बिताएका छन् महत्वपूर्ण पलहरू खेल्दै-रम्दै सारङ्गीसँगै लुकामारी।*

# सारङ्गी दाइ

**हरेक बिहीबार राती ८ देखि ९ बजेसम्म**

capitalFM™ 92.4 cent percent yours....
क्यापिटल एफएम ९२.४ मेगाहर्ज
बानेश्वर, काठमाडौं

RADIO SARANGI 101.3 MHZ
रेडियो सारङ्गी १०१.३ मेगाहर्ज
बिराटचोक, मोरङ

RADIO SARANGI 93.8 MHZ
रेडियो सारङ्गी ९३.८ मेगाहर्ज
महेन्द्रपुल, पोखरा



# सभासद्को साग नीति




■ **दीपक लोहनी**

काठमाडौं उपत्यका साग र काउली उत्पादनका लागि प्रख्यात छ । यो प्रख्याती नेवार समुदायको सीप र रैथाने प्रविधिमा आधारित छ । मुख्य शहरभित्रै रहेको परम्परागत नेवारी वस्तीहरूमा बचेखुचेका खाली जग्गामा अझै पुरानो कृषि प्रविधि देख्न सकिन्छ । अर्गानिक मल बनाएर नेवारभित्रको ज्यापू समुदायले खेती पेसा अंगालेका हुन्छन् र उनीहरूले उत्पादन गरेका साग, काउली तथा अन्य तरकारीजन्य उत्पादनहरु स्वादिलो र आकर्षक छन् ।

हाल काठमाडौं उपत्यका तरकारीमा तराई–मधेससँग आश्रित छ । राजमार्गमा कतै केही सानो अवरोध भए पनि काठमाडौंको जनजीवन एक दुई दिन प्रभावित भइहाल्छ । झन् अहिले त मधेसी दलहरूको तीन महिनादेखिको बन्द–हड्ताल र भारतको अघोषित नाकाबन्दीले काठमाडौंलगायत सम्पूर्ण नेपाल नै ठप्पप्रायः छ । हरेक उपभोग्य बस्तुको अभाव र मूल्यवृद्धि एकसाथ भइरहेको छ । यस्तो अवस्थामा पनि काठमाडौंमा उत्पादन गरिएका कारण दैनिक उपभोग्य हरियापरिया तरकारीहरु सहज र सरल मूल्यमा पाइनुलाई आम गृहणीहरु सुखद् रूपमा लिन्छन् । गृहणीहरूको यही सुखद् अनुभूतिलाई आत्मसाथ गर्दै काठमाडौंबाटै निर्वाचित सभासद् भीमसेनदास प्रधानको कृषि नीतिको यहाँ सानो चर्चा गरिएको छ ।

काठमाडौं निर्वाचन क्षेत्र नं. ६ बाट दोस्रो संविधानसभा निर्वाचनमा निर्वाचित सभासद् भीमसेनदास प्रधान प्राज्ञिक व्यक्तित्व हुन् । प्रतिनिधिसभाभित्र रहेको वातावरण समितिको सदश्य समेत रहेका सभासद् प्रधान कृषिलाई अत्यन्त नजिकबाट नियाल्छन् ।

काठमाडौंको उत्तर भेगमा रहेको झोर, सांग्ला, काभ्रेस्थली, धर्मस्थली, फुटुङ, मनमैजु र गोंगबु क्षेत्रमा रहेको कृषियोग्य जग्गालाई व्यवस्थित कृषि योजनामा नै लगाउनु पर्ने उनको







धारणा छ । केवल आवासको लागि मात्र उर्वर जमिन प्रयोगमा ल्याउँदा कृषि र वातावरण ध्वस्त हुने उनको ठम्याइ छ । काठमाडौंभित्रका धेरै उर्वर क्षेत्रहरु लाजिम्पाट, खुसीबुँ, गोंगबुँ, कपन, सीतापाइला आदि केवल आवासमा रूपान्तरण हुँदा हाल काठमाडौं धान, चामल र चिउरा आदि खाद्यवस्तुमा पनि परनिर्भर भएको सभासद् प्रधानको दुखेसो छ ।



काठमाडौंको उत्तरी काँठ क्षेत्रलाई तरकारीको पकेट क्षेत्रमा रूपान्तरण गर्ने कार्यमा सभासद् प्रधान लागिपरेका छन् । उनी त्यस क्षेत्रका कृषि सहकारी र कृषिकर्ममा लागेकाहरूसँग प्रतक्ष सम्पर्कमा छन् । उनीहरूको समस्या र चुनौतीहरूमा सक्दो सहयोग गर्छन् । सरकारी र गैरसरकारी सहयोगहरूको चाँजोपाँजो मिलाउने काममा पनि उनको समय बित्ने गरेको छ । त्यसो त सांसद विकास कोषको केही रकम कृषिको अर्गानिक मल, बीउ र प्रविधिमा छुट्याउने उनको योजनामा नै छ ।

नेपालको विकास गर्न र युवा पलायन रोक्न कृषि र पर्यटनलाई जोड दिनुपर्ने कुरा सभासद् प्रधानको मूलमन्त्र हो । यो दुवै कुराको पकेड क्षेत्र पनि उनको निर्वाचन क्षेत्रमा रहेकाले सभासद् प्रधान अझ बढी लागिपरेका छन् । काँठका उर्वर क्षेत्रमा हरियो तरकारीको उत्पादन गर्‍यो र नजिकै रहेको घना शहरी वस्तीमा वितरण गर्‍यो । कृषिमा यो अति नै सहज र सरल कार्य हो । उत्पादन, माग र आपूर्तिको यस्तो व्यवस्थित परिवेश विश्वमा नै थोरै ठाउँमा मात्र देख्न पाइन्छ ।

देश संघीयताको तामझामको लफडामा अल्झिएको छ । यस्तो अल्झाइमा हरेक वस्तुको चरम अभाव रहनु सामान्य कुरो हो । तर हरेक अभावहरूबाट थोरै भए पनि शिक्षा लिनै पर्छ । संघीयतामा गएको हाम्रो जस्तो देशको प्रत्येक क्षेत्रमा कृषियोग्य जमिनहरु बाँझा पल्टिरहेका छन् । यही बाँझा जमिनहरूमा सभासद् प्रधान आफ्नो निर्वाचन क्षेत्रमा झैं हरियोपरियो साग, तरकारी र कृषिको व्यवस्थित नीति अवलम्वन गर्न सके जुनसुकै नाका बन्द गरिए पनि खाद्यान्नको अभावमा कहीं कोही नेपाली तड्पनु पर्ने छैन ।





# क्रोयसियाकी बौद्धिक सुन्दरी

म्यारिना ज्याकसिक क्रोयसियाकी सुन्दरी हुन् । पूर्वी युरोपको एउटा सानो तर सुन्दर देश क्रोयसिया सुन्दर युवतीहरु भएको देश भनेर पनि चिनिन्छ । तिनै सुन्दरीमध्येकी पनि सुन्दरी हुन् म्यारिना । उनले पोषण विज्ञानमा मास्टर गरिसकेकी छन् तर आफ्नो रूचि ग्ल्यामर क्षेत्रमा भएकोले मोडलिङ, फेसन र फोटोग्राफीलाई पेसा बनाएको उनी बताउँछिन् । साथै उनी पत्रकारितामा पनि रूचि राख्छिन् । आफ्नो पत्रकारिता करिअरमा उनले विश्वका थुप्रै देश घुमिसकेकी छन् । अबको यात्रा नेपाल हुनसक्ने जानकारी उनले हट नेपालसँगको इमेल सम्पर्कमा दिइन् । प्राकृतिक सुन्दरताले भरिपूर्ण नेपालमा आएर फोटोग्राफी गर्ने तथा यहाँको अनुभव समेटेर केही रिपोर्टहरु तयार पार्ने योजना उनले बुनेकी छन् ।

क्रोयसियामा फेसन उद्योग लोकप्रिय भए पनि आन्तरिक खपतले मात्र यो उद्योग फस्टाउन नसक्ने जानकारी उनी दिन्छिन् । किनकि क्रोयसियाको जनसंख्या मात्र ४० लाख छ । त्यसैले नयाँ नयाँ फेसन तयार पारेर विदेश निर्यात गर्न पनि क्रोयसियाली डिजाइनर तथा उद्योगीहरु सिपालु छन् ।

१७ वर्षको उमेरदेखि ग्ल्यामर क्षेत्रमा प्रवेश गरेकी म्यारिना अहिले ३० वर्ष पुगेकी छन् । उनी आफ्नो देशको मातृभाषाबाहेक जर्मन, फ्रेन्च, टर्किस, अंग्रेजी भाषा राम्ररी बोल्न तथा लेख्न सक्छिन् । त्यसैले क्रोयसियामा उनी 'बौद्धिक सुन्दरी'का नामले पनि परिचित छिन् ।













# सुरुमै जँचाउनुस् बच्चाको आँखा



डा. रामप्रसाद पोखेल

सबै आमाबुबाले आफ्ना बच्चाले दुवै आँखा उत्तिकै देख्न सक्छन् कि सक्दैनन् भन्ने कुरा पाँच वर्षभित्र थाहा पाउन जरूरी छ ।

कतिपय बच्चा आँखाकै कारण पढ्न नसक्ने, जाँचमा फेल हुने, कतिपयको टाउको दुख्ने, आँसु आउने पनि आँखाकै कारण हुन सक्छ । बच्चालाई पढेन भनेर दोष लगाउनुभन्दा पहिले आँखा विशेषज्ञलाई देखाइहाल्नु पर्छ ।

चस्माको कारण वा दुई आँखाको बीच ब्यालेन्स नमिलेर वा एउटा आँखाले देख्ने, अर्कोले नदेख्ने भएर पनि टाउको दुख्न सक्छ । दुई आँखामध्ये एउटाले देख्ने, अर्कोले कम देख्ने वा नदेख्ने पनि हुन सक्छ । यस्तो भएमा कम देख्ने आँखा जो सुरुमा उपचारबाट ठीक हुन सक्छ, पछि गएर नदेख्ने मात्र होइन बाङ्गो वा डेढो हुन जान्छ । यस्तो अकर्मण्य आँखा वा एमब्लायोपिया पछि कहिले पनि नदेख्ने हुन जान्छ ।

सुरूको अवस्थामा चस्मा वा आँखाको विशेष उपचार (अर्थोप्टिक)बाट ठीक हुने आँखा पछि गएर लाखौं रुपियाँ खर्च गरे पनि दुवैले उत्तिकै देख्न सक्ने हुँदैन । यो उपचार पद्धति अहिले नेपालभित्र उपलब्ध छ । यसैले मेरो अनुरोध छ– प्रत्येक सचेत आमाबाबुले आफ्ना बालबच्चा स्कुल पठाउनुभन्दा पहिले आँखा जँचाइहाल्नुहोस् । मैले धेरै पढेलेखेका युवक पछि गएर मेडिकलमा फेल भई जागिरबाट वञ्चित भएको देखेको छु । आँखा कमजोर भए, डेढो भए वा जुनसुकै समस्या भए पनि ८ वर्षपहिले जाँच गराउन सकियो भने यसको पूर्ण समाधान हुन सक्छ ।

धेरै ठूलो आँखा भए तपाईं मक्ख नपर्नु होस्, त्यो मायोपिया पनि हुनसक्छ । यस्तो आँखामा दृष्टिपर्दामा विकृति भई पछि पर्दा उप्किने वा देख्न समस्या पनि पर्न सक्छ । साह्रै सानो भए जलविन्दु पनि हुन सक्छ । त्यसैले यी सबै कुरा थाहा पाउन समयमै आँखा जाँच गराउन अति आवश्यक छ ।

*(लेखक नेपाल नेत्रज्योति संघका संस्थापक, वरिष्ठ नेत्ररोग विशेषज्ञ हुन्)*

तस्वीर : कविन्द्रमान शाक्य




# चिसोमा समर हाउसको स्वाद

लामो समयबाट रेडकार्पेट नेपाल इभेन्ट म्यानेजमेन्ट मार्फत इभेन्ट प्रोग्राम गर्दै आएका इभेन्ट म्यानेजर प्रबुद्धजंग खड्काको अगुवाइमा काठमाडौंको केन्द्र दरबारमार्गमा समर हाउस क्याफे संचालनमा आएको छ । इभेन्ट म्यानेजमेन्टको लामो अनुभवले रेष्टुरेन्टको व्यवसायमा सफलता पाउने सोच राखेर नयाँ वर्ष २०७२ वैशाख १ गतेबाट समर हाउस क्याफे संचालनमा आएको हो ।

क्याफे संचालनमा आएको केही दिनपश्चात नै वैशाख १२ गते विनाशकारी महाभूकम्प आयो । यसबाट सबैतिर ठूलै असर पर्‍यो । यसबाट समर हाउसलाई पनि असर पार्‍यो । यसले गर्दा समर हाउसको पूर्ण रूपमा संचालन भदौ महिनाबाट मात्र भएको हाउसका सीइओ समेत रहेका खड्काले जानकारी दिए । भदौबाट संचालनमा आए पनि नेपाली इभेन्ट म्यानेजर तथा सेलिब्रिटीदेखि सर्वसाधारण लगायत हाइसोसाइटीका वर्ग-विशेषका













लागि समर हाउस मीठो खाना र खाजा खाने राम्रो रेष्टुरेन्ट बनेको छ । विशेषतः नेपाली खाना सेट, होल फिस, झोलमा डल्ले-खुर्सानीको अचार तथा लोभलाग्दो मम, खाजा सेट र बारविक्यू समर हाउस क्याफेको विशेषता रहेको छ । बिहानको तुलनामा खाजा खाने बेला दिउँसो प्रायः ग्राहकको घुइँचो समर हाउसमा देखिने गरेको छ ।

समर हाउसमा पाकेको झोलमा डुबाएको मम, मटन खाना सेट, ड्रागन रोल, इटालियन चिकेन तथा होलफिसको स्वाद चाख्दै गरेका नेपाली सेलिब्रिटीहरु स्वीकृति खड्का, कञ्चन गौतम र साम्य बर्तौला लगायतले समर हाउसको स्वाद बेग्लै रहेको प्रतिक्रिया दिए । उनीहरूले मीठो स्वादले नै यसतर्फ आफूहरूलाई आकर्षित बनाएको बताए ।

**सम्पर्क**

**समर हाउस क्याफे**

दरबारसमार्ग, काठमाडौं

फोन : ०१-४२४७४२०



# हट नेपाल

## Sangita Chhetri

संगीता क्षेत्री हिजोआज नेपालमा भन्दा बढी विदेशमा नै व्यस्त बनिरहेकी छन् । अष्ट्रेलियामा हुने प्रायः विभिन्न फेसन तथा मोडलिङ इभेन्टहरूमा देखा परिरहने उनको चाहनाको क्षेत्र भनेको फेसन तथा मोडलिङ नै हो । अवसर पाएमा चलचित्रमा अभिनय गर्ने रहर पनि उनको छ । विदेश प्रवासको बसाइमा सबै कुरा भनेजस्तो हुन सक्दैन । यसले गर्दा पनि फेसन तथा मोडलिङ क्षेत्रमा नै फुर्सदले साथ दिएसम्म व्यस्त हुने गरेकी छन् । बाँकी कार्य अष्ट्रेलियामा नर्सिङ विषयको अध्ययन र नर्सिङ होमको काममा नै व्यस्त बनेर बितिरहेको उनले भनेकी छन् । नेपाल आतेजाते भैरहे पनि विगत पाँच वर्षदेखि उनी अष्ट्रेलियाको प्रवासको करिअरमा नै रमिरहेकी छन् ।

Photo: Kabindra Man Shakya
Makeup: Ganga & Jamuna





## समाजसेवामा ४५ खर्ब डलर

# जुकरबर्गले कल्पना गरेको नयाँ पुस्ता

विभिन्न रंग, वर्ग, जाति, समुदाय तथा अनेक पहिचान बोकेको विश्व समुदायका झण्डै १ खर्ब ५५० अर्ब जनसंख्यासहितका सक्रिय प्रयोगकर्तालाई एउटै मञ्चसँग जोड्न सफल Facebook का ३१ वर्षीय सह-संस्थापक तथा अध्यक्ष मार्क एलियट जुकरबर्ग (Mark Elliot Zuckerberg) पिता बनेका छन् । अभिभावक भए लगत्तै मार्क जुकरबर्ग र उनकी श्रीमती प्रिस्सिला चानले गरेको एउटा ठूलो घोषणाले विश्व समुदायमा तरंग पैदा गरेको छ ।

सन् २००८ मा बिबिसीका प्रविधिसम्बन्धी संवाददाता रोरी सेलान जोन्सको एउटा प्रश्नमा मार्कले भनेका थिए- 'मेरो प्रेरणा पैसा हैन, म दुनियाँ परिवर्तन गर्न चाहन्छु ।' शायद दुनियाँ परिवर्तन गर्ने यही प्रयासमा जुकरबर्गले ठूलो इच्छासहितको साहस देखाएका छन् । जुन सामाजिक सञ्जालले उनलाई संसारकै कम उमेरका खर्बपति बनाउन सफल भयो, त्यही विश्व समाजको अनेक परोपकारी कार्यका लागि छोरी म्याक्स जन्मिएको खुसियाली साट्दै आफ्नो जीवनकालमा कम्पनीको ९९ प्रतिशत शेयर दान गर्ने निर्णय गरेका छन् र भनेका छन्- 'यसबाट संसारमा खुसी छर्न सकियोस् र संसारलाई स्वस्थ्य राख्न सकियोस् ।'

मार्क जुकरबर्गले गत २ डिसेम्बर २०१५ मा आफ्नो फेसबुक पेजमा संसारभरका आफ्ना प्रयोगकर्तामाझ छोरी म्याक्सलाई सम्बोधन गर्दै उक्त घोषणा गरेका हुन् । जसका लागि Chan Zuckerberg Initiative ले आउँदा दिनहरूमा विश्वका लागि उत्तम स्वास्थ्य, शिक्षा, रोजगारी तथा समाज परिवर्तनका धेरै अन्तरवस्तुहरूलाई इन्टरनेटसँग जोड्दै कार्य गर्दै जाने समेतका कुरा उल्लेख गरिएको छ ।


मार्क लेख्छन्- 'प्यारी म्याक्स ! तिमीले हाम्रो भविष्यका लागि खोलिदिएको ठूला सम्भावनाका कुराहरु व्याख्या गर्न तिम्रो आमा अनि मसँग अहिले कुनै शब्द छैन । हाम्रा लागि तिम्रो नयाँ जीवन अनेक वाचाहरूले भरिएका छन्, हामीलाई आशा छ तिमी खुसी अनि स्वस्थ हुने छौ अनि यी दुवै कुरा तिमीले चारैतिर छर्नु पनि छ र तिम्रो जन्म हाम्रा लागि संसारमा प्रतिबिम्बित गर्ने एउटा कारण बन्नेमा हामी विश्वस्त छौं । ती तमाम आमा, बाबुसरह हामी तिमीलाई हाम्रो वर्तमान पीढीको तुलनामा एउटा उत्तम समाज र संसारमा हुर्के बढेको हेर्न चाहन्छौं ।'

७२ अनुच्छेद लामो पत्रमा मार्क छोरी म्याक्सप्रति कृतज्ञ र आशावादी रहेको भेटिन्छन् र सँगसँगै जोडिरहन्छन् विश्वभरका केटाकेटीहरूलाई । वर्तमान संसारभन्दा उनले सोचेजस्तो परिवर्तित संसारमा छोरी बढ्दै गरेको हेर्ने सपना बुनेका छन् । सँगै संसारका सबै केटाकेटीले समान हुर्काइ तथा शिक्षादीक्षा उपभोग गरेको हेर्न पाउने इच्छा गरेका छन् । उनको पत्रमा एकखाले चिन्ता देखिन्छ वर्तमान युगका केटाकेटीहरूको अस्वस्थ बालपनप्रति, जसले उनीहरूको वास्तविक संभावनाहरूलाई खत्तम नगरिदेओस् ।

मार्कको अझ ठूलो चिन्ता भनेको विश्व समुदायका आधा जनसंख्यामा पुग्न नसकेको इन्टरनेटसँगको सम्पर्क हो । www.internet.org उल्लेख नगरी यसबारे मार्क लेख्छन्- 'तिम्रो पीढीले अधिकांश ती आकर्षक र ठूला सम्भावनाहरु इन्टरनेटकै माध्यमबाट प्राप्त गर्नेछन् ।'

मानिसहरूले अहिले पनि इन्टरनेटलाई एउटा मनोरञ्जनको साधनको रूपमा लिएको देख्दा उनी खिन्न बनेका छन् । उनका अनुसार इन्टरनेट संसारका अधिकांश मानिसहरूका लागि एउटा जीवनरेखा बन्न सक्छ । यदि तिम्रो नजिक राम्रो शिक्षाको विकल्प छैन भने इन्टरनेटले शिक्षा प्रदान गर्छ । यदि तिमी समयमै कुनै रोग निदानका लागि डाक्टरसम्म पुग्न सक्दैनौ भने इन्टरनेटले त्यस्ता रोगहरूबाट बच्न अथवा एउटा स्वस्थ बच्चाको पालनपोषणका लागि आवश्यक स्वास्थ्य सम्बन्धी जानकारी समेत दिनेगर्छ । यदि नजिकै कुनै बैंक छैन भने यसले बित्तीय सेवा प्रदान गर्नेगर्छ । यो इन्टरनेट सरकारी, गैरसरकारी तथा व्यावसायिक कम्पनीहरूसँग साझेदारीका लागि उपयोगी बन्नेछ र यसलाई सफल गर्नका लागि कैयन कोसिस गरिरहने प्रतिबद्धता उनले जनाएका छन् ।

जुकरबर्ग लेख्छन्- 'यदि हाम्रो पीढी इन्टरनेटसँग प्रभावकारी ढंगले जोडिन सक्ने हो भने पनि करोडौं बेरोजगार मानिसहरूलाई अनेक रोजगारीको अवसर सिर्जना गरी उनीहरूको जीवनस्तर उकास्न सक्छौं । हामी करोडौं बालबालिकाहरूलाई शिक्षा तथा उत्तम स्वास्थ्य दिनका लागि प्रयास गर्न सक्छौं ।'



### CHAN ZUCKERBERG INITIATIVE

छोरीलाई संबोधन गर्दै मार्क लेख्छन्, 'तिम्रो पीढीलाई एउटा अति राम्रो संसारभित्र बाँच्नलायक बनाउनका लागि हाम्रो पुस्ताले धेरै त्यस्ता कुराहरु गर्न सक्छ, यसकै सुरूवात हो Chan Zuckerberg Initiative र हामीले देखेको यो चुनौतीलाई समाधान गर्नका लागि तिम्री आमा र म दुवै प्रतिबद्ध छौं । म आउँदो कैयन समयका लागि Facebook को सिइओको रूपमा यस सञ्जालसँग जुटेकाहरु मार्फत् सेवा गर्न चाहन्छु ।'

'तिमीले Chan Zuckerberg परिवारको नयाँ पुस्ताको रूपमा जीवन सुरूवात गर्दै छौ र सोही पल हामीले Chan Zuckerberg Initiative नामक परोपकारी संस्था मार्फत् केही अत्यन्त महत्वपूर्ण घोषणा गर्न जाँदै छौं । जसले अत्याधुनिक नयाँ पीढीका सम्पूर्ण सम्भावनाहरूलाई विश्वका सबै केटाकेटीहरूमा



समान पहुँचका लागि प्रयास गर्नेछ । यो यस्तो संसार हो जसमा हाम्रो पीढी विभिन्न रोगहरूको रोकथाम, शिक्षालाई व्यक्ति अनुकूल बनाउन, शक्तिशाली विश्व समुदायको निर्माण गर्न, गरिबी कम गरेर सबैमा समान अधिकार पुऱ्याई विभिन्न देशमा सहकार्यको माध्यमबाट मानवीय क्षमता तथा समानताको भावना बढाउन मद्दत गर्नेछ । मलाई आशा छ तिम्रो पीढी दुई महत्वपूर्ण विचार, मानवीय सम्भावना तथा समानतालाई प्रोत्साहन गर्नतर्फ आफ्नो ध्यान केन्द्रित गर्नेछ । म अनि तिम्री आमा यी चुनौतीहरूको समाधानका लागि आफ्नो जीवन व्यतीत गर्न प्रतिबद्ध छौ । तर यसका लागि हामी प्रतीक्षा भने गर्दैनौं कि तिमी ठूली होउ अनि यी विषयहरूमा काम गर । तिम्रो युवा उमेरको प्रारम्भ अनि हाम्रो जीवनकालमै यसको लाभ हामी देख्न चाहन्छौं ।'

'यस पहललाई अघि बढाउनका निमित्त हामीले आफ्नो जीवनका क्रममा Facebook को कूल सम्पत्तिको ९९ प्रतिशत शेयर परोपकारी सामाजिक कार्यका लागि दान गर्नेछौं । जो हालको अवस्थामा ४५ खर्ब अमेरिकी डलर रहेको छ । हुन त समाज अनि परोपकारी क्षेत्रमा काम गरिरहेका अनेक स्रोत तथा मानिसहरूको प्रतिभाको तुलनामा यो नितान्त एउटा सानो रकम हो तर हामी सबैका साथ मिली हामी विश्व समाजका लागि जे-जे गर्न सक्छौं त्यो सबथोक गर्न चाहन्छौं । हामी आउँदा दिनहरूमा यस अभियानसम्बन्धी थप जानकारी तथा समाचारहरु उपलब्ध गराउँदै जानेछौं । तपाईंहरूलाई लाग्दो हो यो म किन गरिरहेको छु ! मलाई लाग्छ आमा-बुवा बनेपछि हामी आफ्नो जीवनको एउटा अर्को युगमा प्रवेश गर्छौं र हामीले भर्खरै प्रवेश गरेको यो युगलाई म झन् उत्तम बनाउन चाहन्छु । यो काम केवल यस कारण मात्र पनि सम्भव छ किनकि हामीसँग शक्तिशाली वैश्विक समुदाय उभिएको छ । Facebook बनेकै कारण संसारलाई आउँदो पुस्ताका लागि झन् उत्कृष्ट बनाउन सक्ने स्रोतको जन्म भएको छ, जसलाई सफल बनाउन Facebook का हरेक सदस्यले यसमा आफ्नो भूमिका निर्वाह गरिरहेका छन् ।'

## Facebook.com र मार्क जुकरबर्ग

अमेरिकाको न्युयोर्क शहरको एउटा यहूदी परिवारमा सन् १९८४ को मे १४ मा जन्मिएका Mark Elliot Zuckerberg ले हार्वर्ड विश्वविद्यालयको छात्रावासको एउटा कोठाबाट सन् २००४ को ४ फेब्रुअरीका दिन Facebook को प्रारम्भ गरेका हुन् ।Facebook सम्बन्धी उनको योजना उनी Philips Exeter Academy मा हुँदाको समयदेखि कलेज, स्कुल तथा विद्यार्थी लगायत हरेक संकायका शिक्षक र स्टाफहरूको तस्वीरहरूका साथ प्रकाशन गरिने एउटा लामो समयदेखि चल्दै आएको परम्पराबाट आएको हो । जुनबेला जुकरबर्गको Facebook 'हार्वर्ड थिंग' को रूपमा प्रारम्भ भयो, त्यही समय नै उनले Facebook लाई अन्य विद्यालय तथा आफ्ना साथी, पारिवारिक सञ्जालहरूमा प्रचारप्रसार गर्ने निधो गरे र छात्रावासको कोठामा सँगै बस्ने साथी Dustin Moskovitz, Eduardo Saverin तथा Andrew McCollum को मद्धतले Facebook को वेब स्वरूपमाथि काम गर्न थालेका हुन् । जसले आज विश्वलाई जोड्ने एउटा बलियो सेतुको रूपमा सफलताको स्वाद चाखिसकेको छ ।

सामाजिक सञ्जालहरूको वर्तमान स्थितिबारे नोभेम्बर २०१५ को www.statista.com ले निकालेको ताजा तथ्यांक अनुसार संसारमै कुनै पनि चल्तीका सामाजिक सञ्जालहरूले ओगटेको जनसंख्याको सबैभन्दा ठूलो भाग ओगटेर पहिलो स्थान जमाउन Facebook सफल भएको छ । फेसबुकले १ खर्ब ५५० अर्ब सक्रिय प्रयोगकर्ता पाउन सफल भएको छ । यसैगरी सन् २०१५ मा www.forbes.com ले सार्वजनिक गरेको तथ्यांकमा मार्क संसारका १७ औं खर्बपतिको सूचीभित्र परेका छन् । यसका साथै यस लोकप्रिय सामाजिक सञ्जालका मालिक संसारकै सबैभन्दा कान्छा खर्बपति पनि हुन् । फेसबुकको यही लोकप्रियतालाई ध्यानमा राख्दै टाइम म्यागजिनले जुकरबर्गलाई वर्ष व्यक्तित्व २०१० को सम्मान दिएको थियो । उक्त म्यागजिनले यति कम उमेरका व्यक्तिलाई यस्तो सम्मान विरलै दिएको छ । यसअघि १९२७ मा अमेरिकी विमान चालक Charles Lindbergh तथा १९५२ मा ब्रिटेनकी महारानी एलिजाबेथ द्वितीया दुवैले उक्त सम्मान पाउँदा उनीहरूको उमेर केवल २६ वर्षको थियो । अहिले जुकरबर्ग ३१ वर्ष ६ महिनाका छन् । सबैभन्दा रमाइलो कुरो उनको यो साइटमा काम गर्ने अधिकांश कर्मचारी उनीभन्दा बढी उमेरका छन् ।

**■ सन्तोष देवकोटा**



# जाडोको डिनर
# ग्याकोक

**महेशराज ढकाल**
चिफ सेफ एक्ज्यूकिटिभ, होटल सांग्रिला

विशेषतः ग्याकोक खानालाई पारिवारिक खानाको रुपमा हेर्ने गरिन्छ । जाडोको बेला चीनमा डिनर नै ग्याकोक हुने गर्छ । सांग्रिला होटेलका सेल्स एण्ड मार्केटिङ ग्रुपका म्यानेजर फुर्वा शेर्पाले नेपालमा गत वर्षदेखि सांग्रिला होटलमा ग्याकोकको सुरुवात गरेको बताए । विदेशी मात्र होइन स्वदेशी पनि ग्याकोकप्रति निकै लोभिएको म्यानेजर शेर्पाको भनाइ छ । ग्याकोक खानामा विशेषतः माछा, चिकेन, मटन र सुप रहेका हुन्छन् । त्यस्तै, क्याबेज, स्पिन्च, हरियो प्याज, बोक्चे, मसरुप, काउली पनि मिक्स गरिने गर्छ । जसले ग्याकोकलाई निकै स्वादिलो बनाउँछ । ग्याकोक भनेकै एक खालको सुप हो । यी सबैलाई उमालिएको हुन्छ । जसको सुप निकै स्वादिलो हुन्छ ।

## आवश्यक सामग्री

- झिङ्गे माछा : ५० ग्राम
- कुखुराको बोनलेस मासु : ४० ग्राम
- बोनलेस माछा : ४० ग्राम
- अण्डा : २ वटा
- खसीको बोनलेस मासु : ५० ग्राम
- गाजर : २० ग्राम
- काउली : २० ग्राम
- सिमी : २० ग्राम
- च्याउ : २० ग्राम
- ब्रोकाउली : २० ग्राम
- राइस नुडल्स : ३० ग्राम
- अदुवा : ५ ग्राम
- लसुन : ५ ग्राम
- कुकिङ आयल : ५० एमएल
- मरिचको धुलो : ५ ग्राम
- सोया सस : ३० एमएल
- ओन्डासी : ५ ग्राम
- नुन : स्वाद अनुसार



## बनाउने तरिका




- एउटा सफा भाँडो लिनुस् ।
- त्यसमा आधा भाँडो पानी र अलिकति नुन राख्नुस् र मज्जाले उमाल्नुस् ।
- उम्लिएको पानीमा माथि उल्लेखित सबै प्रकारका मासु तथा तरकारी र मसलाहरु पनि उमाल्नुस् ।
- भेजिटेबल उमोलेको पानीमा कुखुराको बोन राखी उमालेपछि स्टक तयार हुन्छ । त्यसमा गाजर, प्याज पनि राख्नुस् ।
- उक्त स्टकलाई राम्रोसँग छान्नुस् ।
- अर्को भाँडोमा तेल तताउनुस् ।
- त्यसमा अदुवा र लसुनलाई भुट्नुस् ।
- माथि तयार भएको स्टक राख्नुस् ।
- त्यसमा सोया सस, होन्डस्प, मरिचको धुलो र स्वादअनुसार नुन राखी राम्रोसँग उमाल्नुस्।
- अब ग्याकोक तयार भयो ।

आकर्षक ढंगबाट टोमाटो, स्टीम मम, राइस तथा बेकरीसँग मज्जाले स्वादका साथ खान सकिन्छ ।



QUALITY
PRINTING
True Colors
Ramesh Kishor Shrestha
Active
Printing Press Pvt. Ltd.
Galkopakha-29, Thamel
P.O. Box 4665, Kathmandu, Nepal
Tel: 014022672, 4022656, 016223388
Fax: 977-1-4022656
Mobile: 9851036354
Email: activepress2010@gmail.com
Website: activeprintingpress.com
HEIDELBERG


Fitness Center
Morning Bell
a wellness support
Dhalko, Khusibu, Kathmandu, Nepal, Tel: 4255844
ZUMBA FITNESS
Massage Chair
CARDIO
GYM HALL SECTION
SAUNA BATH
STEAM BATH
SOFA MASSAGE
JACCUZI BATH
ZAMBA & AEROBIC SECTION
SHOWER BATH
YOGA CLASS
MANY MORE ATTRACTION




APD 亞太日報
ASIA PACIFIC DAILY
Happy New Year
2016
25
events
that changed Nepal
in 2015
First Lady President
Cabinet
Chinese Fuel
Crisis
Terai unrest
Earthquake
New Constitution
Turkish Aircraft
Blockade
Reconstruction
Subcription
Tel : +977-01-4434475, Mobile : 9818 852676, E-mail : xinhuaktm@gmail.com
xinhuanepal @xinhuanepal





....निरन्तर २ दशक देखि
लोकतन्त्र र राष्ट्रियताप्रति समर्पित....
नेपाली राष्ट्रिय दैनिक
हिमालय
टाइम्स
इम्प्रेसन पब्लिकेशन एण्ड मिडिया प्रा.लि.
मध्यबानेश्वर, काठमाडौं
फोन नं. : ०१-४४७८१७७
फ्याक्स : ०१-४४८०५५४
Email : hitanewz@yahoo.com
www.ehimalayatimes.com



# शक्तिशाली हाइपरक्याम

तस्वीर केवल तस्वीर मात्र नरहेर समय, संस्कृति, रहनसहन, पहिरन, वर्तमान परिस्थिति, कुनै घटना अथवा क्षण, विशेष उत्सव र माहौलका विविध पलहरूका कारण प्रिय हुन्छन् । जीवनमा धेरै त्यस्ता अनमोल क्षणहरु हुन्छन् जो उमेरसँगै जति सम्झिए पनि कहिले कुन घटनासँग ठोक्किन्छन् त कहिले कुन क्षणसँग अन्तरसम्बन्धित हुन्छन् । अनि सम्झना झन् धमिलो, आधा अधूरो भइदिन्छ जसका कारण मन खिन्न हुन्छ । कतिपय कुराहरु त मस्तिष्कका मेमोरीबाट यसरी हराएर जान्छन् कि त्यो विशेष पल जीवनमा आएकै थिएन ।

शायद सन् १८३९ को दशकमा फ्रान्सका Susse Frères ले पहिलो Daguerreotype क्यामरा अनुसन्धान गर्दा उनको दिमागमा यस्तै अतीतका खोजीहरु दगुरिएको हुनुपर्छ र त आज सारा संसार आफ्ना हरेक, सुख, दुःख, हर्ष वियोग, संयोगान्त, वियोगान्त सबै पलहरु क्यामराको सहयोगले किताबी दस्तावेजका रूपमा राख्न खोज्छन् । जुन बेला अतीतका पल पल्टाउन मन लाग्छ, त्यस बेला केवल एउटा तस्वीर काफी हुन्छ धेरै कुरा सम्झिन, सम्झाउन अनि धेरै थोक आँखैअगाडि सचित्र महसुस गर्न ।


Photo Source: http://www.washington.edu

३६ फ्रेमको रिलदेखि असीमित मल्टिमिडिया खुबी भएका शक्तिशाली डिजिटल क्यामरासम्म आइपुग्दा क्यामरा अनि तस्वीरको परिभाषा फराकिलो भइसकेको छ । सामान्यतः सेल्फी खिच्ने रहरदेखि जीवनरक्षक एक्स–रे अनि मनोरञ्जनका अनेक व्यावसायिक क्षेत्रहरूमा क्यामरा आज महत्वपूर्ण भूमिकामा आसीन छ ।

स्मार्ट फोन युगका अनेक मोबाइल ब्राण्ड तथा व्यावसायिक क्यामराका निर्माताहरु आज संसारभर जे जति मोबाइल अथवा क्यामरा उत्पादन गर्छन्, त्यसमा उनीहरूको मुख्यतः हुने प्रतियोगिता र एकापसी चुनौतीको सबैभन्दा ठूलो भाग क्यामराको स्तर, खुबी तथा क्यामराको नयाँ नयाँ प्रयोगमै बढी केन्द्रित हुने गरेको छ । हरेक प्राविधिक प्रयोग र अनुसन्धानका कुराहरूमा मिनेट मिनेटमा केही न केही नयाँ अपडेट विश्व बजारमा पुर्‍याइरहेका हुन्छन् । यस्ता अपडेटमा विश्वबजारमै अझ बढी व्यावसायिक अवसरको सम्भावना भएको क्यामरामा निरन्तरको प्रयोग र अनुसन्धान नहुने त कुरै भएन । यस्तै निरन्तरको प्रयोग र अनुसन्धानपछि एउटा यस्तो क्यामराको अविष्कार भइसकेको छ जसले शरीरको भित्रसम्म हेर्न र तस्वीर खिच्न सक्छ जुन कुरा नांगो आँखाले र वर्तमान समयसम्म आविष्कार भएका क्यामरा र यससँग सम्बन्धित यन्त्रहरूमा असम्भव छ । जसलाई सोधकर्ताहरूले नाम दिएका छन् 'HyperCam' । अनुसन्धानमा संलग्न वैज्ञानिकहरूका अनुसार 'HyperCam' एक्स–रे भिजन प्राप्त गर्न सक्ने एउटा ठूलो स्रोत हो, जसले शरीरको छालाभित्र रहेका अन्य भाग र तत्वहरूका अवस्थाबारे तस्वीरसहितको जानकारी दिनसक्छ ।

'HyperCam' लाई युनिभर्सिटी अफ वासिंगटन तथा माइक्रोसफ्ट रिसर्चका कम्प्युटर साइन्स र इलेक्ट्रीकल इन्जिनियर सम्मिलित वैज्ञानिक टोलीले निर्माण गरेको हो । Hyperspectral Imaging Sensor सहितको प्रविधिमा काम गर्ने हुँदा यसलाई 'HyperCam' नामाकरण गरिएको हो । यो प्रविधिको प्रयोगबाट सम्पूर्ण Electromagnetic Spectrum द्वारा प्रकाशको फोटो संकलन गरी Satellite Footage देखि फिंगरप्रिन्ट तथा खाद्य सुरक्षा चेकजाँच जस्ता कार्यहरु गर्न सकिन्छ ।

UbiComp 2015 conference मा प्रस्तुत अध्ययन दस्तावेजका अनुसार यो धेरै न्यून लागतमा उत्पादन हुनसक्ने प्रविधि हो । यसको एउटा पूर्ण स्वरूप उत्पादनमा केवल ८०० अमेरिकी डलर खर्च लाग्नसक्छ । झन् यस प्रविधिको क्यामरा एउटा मोबाइलमा राख्दा केवल ५० अमेरिकी डलर लाग्न सक्छ । यसबाट यो प्रविधि सर्वसाधारणसम्म पुग्नसक्ने निश्चित छ । सोही अनुसन्धानकर्ता टोली यसैसाथ एउटा यस्तो चतुर सफ्टवेयर बनाउन सफल भएको छ जसले सजिलै हाम्रो नांगो आँखाले हेर्ने र Hyperspectral Camera ले खिचेको तस्वीरको डिटेल बीचको फरक स्पष्ट पार्छ ।

'HyperCam' क्यामराले एकै क्लिकमा १७ Wavelength स्क्यान गर्ने गर्छ । त्यस क्रममा यसले बेग्ला–बेग्लै Light Wavelength लाई प्रयोग गरी प्रत्येकका लागि एउटा छुट्टै तस्वीर बनाउने गर्छ । 'HyperCam' मा भएको यो प्रविधिको सहयोगले कुनै पनि व्यक्तिको शरीरको कुनै भागमा भएको अथवा हुन सक्ने स–साना अबुर्द (Cancer) जस्तो रोगको संकेतहरूको अध्ययन गरी रोग फैलिनुअघि नै सम्बन्धित व्यक्तिको संक्रमित अंगको प्रभावकारी उपचारमा उल्लेख्य भूमिका खेल्न सक्छ ।

कृषि तथा वन्यजन्तु अध्ययनमा रूचि राख्नेहरूका लागि यो क्यामरा क्रान्तिकारी उपलब्धि साबित हुनेछ । नेपालजस्तो जैविक विविधतामा धनी भएको देशका लागि यो क्यामरा वन्यजन्तु संरक्षण तथा उपचारमा समेत महत्वपूर्ण साधन बन्न सक्छ । यो क्यामरा यति शक्तिशाली छ कि फलफूललाई नकाटेरै त्यो भित्रबाट बिग्रिएको अथवा नबिग्रिएको अवस्थाबारे तस्वीर खिच्न सक्छ । यसबाट यसको बहुउपयोग स्पष्ट हुन्छ । यो क्यामरा कहिलेसम्ममा सर्वसाधारणको पहुँचमा आउने हो, त्यो भने प्रतीक्षाको विषय भएको छ ।

■ सन्तोष देवकोटा





# न्यानो ग्ल्यामर

जाडोमा पनि न्यानो र स्टाइलिस्ट देखिने चाहना हरेक फेसनपारखीलाई हुन्छ । जाडो भए पनि केही स्टाइलिस्ट र फेसनेबल बन्न युवतीहरु स्कर्टसहितको लेगिन्स, फर ज्याकेट, फलेट बुट र फिटिङ जिन्स सँगै थरीथरीका हेयर स्टाइलमा प्रस्तुत हुने गरेका छन् । ग्ल्यामर्स र सेक्सी देखिन कोही गर्मी मौसम पर्खेर बस्दैनन् । फेरि पातलो र छोटो मात्र फेसन होइन भन्नेहरु पनि नभएका होइनन् । जाडोमा फिटिङ जिन्स, फर ज्याकेट र घुँडासम्म आउने बुट लगाएर हिंड्दा पनि युवतीहरु निकै स्टाइलिस्ट देखिन्छन् । पहिरनअनुसार कलर म्याचिङ गर्न टोपी, मफलर र हातमा पञ्जा लगाउने फेसन पनि चलेको छ ।

यस्तो पहिरनमा हिंड्नेहरूको जमात कम देखिंदैन । अधिकांश भने छोटो स्कर्टमै आफूलाई फेसनेबल देखाइरहेका हुन्छन् । विभिन्न अफिसमा काम गर्ने कामकाजी युवतीहरु कोट, पाइन्टमा चिरिच्याट्ट परेका देखिन्छन् । चिसो मौसमका लागि उपयुक्त थरीथरीका फेसन स्टाइल बजारमा पाइन्छन् । फेसनससँगै शरीरलाई न्यानो राख्न पनि हरेकले जानेका छन् । अहिले फिटिङ पाइन्टसँगै युवतीहरूमाझ ओभरकोटको फेसन पनि त्यत्तिकै चल्तीमा रहेको फेसन डिजाइनर नानु महर्जन बताउँछिन् ।

युवाहरु पनि मौसमअनुसार फेसनको दौडमा कम देखिंदैनन् । आकर्षक देखिन उनीहरु स्टाइलिस्ट कोट र पाइन्ट लगाउँछन् । कोटले फिगरलाई पनि आकर्षक देखाउँछ । जाडोमा फेसनेबल कोटका अतिरिक्त फर ज्याकेट, स्पोर्टरिज र प्यारेलल पाइन्ट युवाहरूको रोजाइ बनेको अर्की फेसन डिजाइनर सुमी राजभण्डारी जानकारी दिन्छिन् ।

जाडोमा स्टाइलिस देखिन नसकिएला कि भन्ने चिन्ता धेरै फेसनप्रेमीमा हुन्छ तर फेसन र एसेसरिजको तालमेलले जाडो मौसममा पनि ग्ल्यामरस एवं स्टाइलिस देखिन सकिने मोडल झरना रिसालको धारणा छ । जाडोमा विभिन्न डिजाइनको स्टाइलिस कोट वा ज्याकेट लगाउन सकिन्छ । ज्याकेटले बाहिरी सुन्दरता मात्र होइन, भित्री व्यक्तित्वसमेत झल्काउने दाबी मोडल रिसालको छ । दुब्लाहरूले सकेसम्म फिटिङ पहिरन लगाउँदा सुन्दर देखिन सहयोग पुग्छ ।

गर्मीमा जस्तो हट डिजाइन जाडोमा लगाउन नसकिए पनि पृथक् लुक्स दिन सकिने बगलामुखी फेसन डिजाइनका प्रमुख डिजाइनर बगलामुखी कायस्थको अनुभव छ । डिजाइनर कायस्थ जाडोमा विभिन्न डिजाइनको ऊलन टोपी र क्याप स्टाइलको टोपी तथा कोट, ज्याकेट वा हाइनेकमाथि फरक डिजाइनका मफलरले हट लुक्स प्रदान गर्ने बताउँछिन् ।

जिन्स पाइन्ट, चुज पाइन्ट र लेगिनमा लङ बुट, सर्ट बुट, वेइज हिल बुट आदि लगाउँदा थप स्टाइलिस देखिने कायस्थ सुझाव दिन्छिन् । सारी, ब्लाउज, कुर्तासुरुवालका साथै अन्य पहिरनमा समेत कोट वा स्वेटरको तालमेल मिलाउन सकिन्छ । हाइनेकबाहिर विभिन्न डिजाइनका जम्पर लगाउन सकिन्छ । यसले मोटो शरीर भएकाहरूलाई दुब्लो देखाउनसमेत सहयोग पुग्ने उनी बताउँछिन् ।



• रमिता श्रेष्ठ
ब्युटी एक्सपर्ट

# जाडोमा सुन्दर बन्न हर्बल फेसियल

**जाडो माहिनाको सुन्दरताका लागि हर्वल फेसियल आवश्यक छ । हर्वल फेसियलले छालालाई स्वस्थ तथा सुन्दर बनाउने गर्छ । उमेरभन्दा पहिला नै आउने छालाको चाउरीपनलाई पनि यस फेसियलले हटाउँछ । हर्बल फेसियलको कुनै पनि चरणमा केमिकल प्रोडक्ट छनौट गर्नु हुँदैन । यस फेसियललाई तपाईं घैरमा बसेर पनि गर्न सक्नुहुन्छ । यसले गर्दा जाडो महिनामा पनि घैरमा बसेर तपाईंको छालामा नरमपन ल्याउन मद्दत गर्ने गर्छ ।**

### क्लिजिङ

हर्बल फेसियल गर्नुभन्दा अगाडि अनुहार र गर्दनलाई सफा गर्न १ चम्चा चामलको पिठोमा थोरै दही मिसाएर पेस्ट बनाएर लगाउने । अनुहार र गर्दनमा राम्रोसँग लगाएपछि हल्का मसाज गरेर सफा पानीले छालालाई धुने ।

### मालिस

क्लिजिङ गरिसकेपछि मालिस गर्नुपर्छ । मालिस गर्नको लागि दूधको तरमा चार थोपा बदामको तेल राखेर हातले हल्का मालिस गर्ने । मालिस पूरै अनुहारमा गर्दै जाने र गर्दनसम्म पनि गर्ने । मालिस गर्दा जहिले पनि नरम हातले तलदेखि माथिसम्म गर्नुपर्छ । यसरी मालिस गर्दा रक्तसंचार बढ्नुका साथै तपाईंलाई तनाव भएमा पनि तनावमुक्त हुन सकिन्छ । अन्तमा सफा पानीले छालालाई धुने ।

### हर्वल स्टीम

मालिसपछि छालामा हल्का बाफ लिने । एउटा सानो बाउलमा पानी उमालेर राख्ने, त्यसमा निमको पात राख्ने । यस पानीमा सानो रुमाल डुबाउने र त्यसलाई निचोरेर मुखमा राखेर त्यसको बाफ लिने । यसको अलावा बजारमा पाइने फेस स्टीमरको पनि प्रयोग गर्न सकिन्छ । यदि छाला ब्लैक डेड छ भने, कोमोन्डोसको सहायताले निकाल्ने र छालाको प्रकार हेरेर फेस प्याक लगाउने ।



### घरेलु फेस पेक

फेसपेक लगाउनुअगाडि आफ्नो छालाको ध्यान दिनु जरूरी छ । आँखीभौं माथि र आँखाको नजिक वरपर फेसपेक लगाउनु हुंदैन ।

### सुख्खा छालाका लागि

२ टेबलस्पन मुसुरोको दालको धुलोमा जैतुनको तेल वा ग्लिसिरिन मिसाएर छालामा लगाउने ।

### नर्मल छालाका लागि

१ चम्चा सुन्तलाको बोक्राको धुलोमा गुलाव जल मिसाएर छालामा लगाउने ।

### चिल्लो छालाका लागि

२ चम्चा मुल्तानी माटो र मह वा गुलाव जल मिसाएर छालामा लगाउने ।

फेसपेक लगाएको ३०-३५ मिनेटपछि मात्र अनुहारलाई सफा पानीले धुने । हल्का मोस्चराइजर लगाउनाले यसले छालालाई विशेष सुन्दर बनाउँछ ।

Like: 74
Post reach: 1,372

# संगीत नै सबैथोक



जीवनमा पैसा मात्रै सबैथोक होइन, यदि आफ्नो आत्मसन्तुष्टि मिल्छ भने कम आम्दानीबाट पनि जीवन सुखसँग बाँच्न सकिन्छ।

कैलालीको सहजपुर स्थायी बसोवास भएका गणेश साउद हाल रोजगारीको सिलसिलामा मलेसियामा रहेका छन् । उनी गीत लेखन र गायनमा रूचि राख्छन् । मलेसियामा कार्यरत भएकै अवस्थामा हाल उनले एउटा गीति एल्बम प्रकाशनको तयारी गरिरहेका छन् । यसमा आफूलाई सफलता प्राप्त हुनेमा उनी विश्वस्त छन् ।

भविष्यमा एक चर्चित लेखक र गायक बन्ने उद्देश्य लिएका उनलाई नेपालको संगीत बजार सानो भएको जानकारी छ । त्यसैले संगीत क्षेत्रमै पूर्ण रूपमा लागेर जीवन निर्वाह गर्न गाह्रो पर्ने विषय पनि उनलाई थाहा छ । यी यावत् समस्या र कठिनाइ भए पनि आफ्नो रूचिको क्षेत्रलाई नै पेसा बनाउने योजना उनले बनाएका छन् । गणेश भन्छन्- 'जीवनमा पैसा मात्रै सबैथोक होइन, यदि आफ्नो आत्मसन्तुष्टि मिल्छ भने कम आम्दानीबाट पनि जीवन सुखसँग बाँच्न सकिन्छ ।'

नयाँ प्रतिभालाई उनीहरूको रूचिको क्षेत्रमा आउनका लागि भरपर्दो मञ्च र सम्पर्कसूत्र नेपालमा नभएकोमा उनको गुनासो छ । हट नेपाल मासिक पत्रिकाले यसको फेसबुक पेजबाट प्रतिभाको खोजी गरी उनीहरूलाई उजागर गर्न थालेको अभियानले आफूजस्ता नवप्रतिभाले फक्रने अवसर पाउने उनको विश्वास छ । उनले हट प्रतिभा बन्नका लागि आफूलाई लाइक गर्ने सम्पूर्ण साथीहरूलाई धन्यवाद दिएका छन् ।



Bagaicha
Restro & Bar
Jawalakhel, Lalitpur, Nepal, Tel: 01-5548148
Email: newsbagaicha@yahoo.com

हट नेपाल मासिकले कला क्षेत्र (अभिनय, मोडलिङ, संगीत)मा आउन चाहनेहरूका लागि सहजकर्ताको काम गर्नेछ । हाम्रो फेसबुक पेज www.facebook.com/hotnepalmagazine को इनबक्समित्र आफ्नो फोटो र विवरण पठाउनुहोस् । त्यसलाई हामी फेसबुक पेजमा पोष्ट गरिदिन्छौं । एक महिनाको अवधिमा बढी लाइक पाउने एक जनाको अन्तरवार्ता हट नेपालमा प्रकाशित गरिनेछ । विजेताले जावलाखेलस्थित बगैंचा रेष्ट्रो एन्ड बारमा दुई जनाका लागि लञ्च वा डिनरको सुविधा प्राप्त गर्नेछन् । त्यसैले आफ्नो विवरण, फोटो र इमेल तथा सम्पर्क ठेगाना पठाउनुहोस् । तपाईंको रूचिलाई हामी सार्थक बनाइदिने छौं । - सम्पादक

# सलमानभन्दा शाहरूख अगाडि



बलिउडमा केही वर्षयता सलमान खान, शाहरूख खान र आमिर खानकै बढी वर्चश्व रहँदै आएको छ । वर्ष २०१५ मा पनि यी खानहरूकै चर्चा-परिचर्चासँगै वर्चश्व रह्यो । सलमान र शाहरूखको तुलनामा आमिर वर्ष २०१५ मा अलि पछि परे पनि उनले अभिव्यक्त गरेका भावना तथा विचारले अग्रता नै कायम गरेको पाइएको छ । जसमा शाहरूख पनि चर्चा-परिचर्चासँगै विवादमा तानिएका थिए । यसो भए पनि शाहरूख र आमिरलाई भन्दा सलमानलाई उनी अभिनित दुई सफल चलचित्र 'बजरंगी भाइजान' र 'प्रेम रतन धन पायो'ले चर्चामा ल्यायो ।

सलमानको 'बजरंगी भाइजान'ले ३ सय करोडमाथिको व्यापार गरेर रेकर्ड कायम गर्न सफल बन्यो । 'प्रेम रतन धन पायो'ले २ सय करोडमाथिको व्यापार गर्न सफलता पाएको छ । वर्ष २०१४ मा सर्वाधिक कमाइ गर्नेमा पहिलो नम्बरमा परेका सलमान २०१५ मा एक अंक पछि परेका छन् । कमाइको हिसाबले शाहरूख खान अग्रपंक्तिमा देखिए । फोब्स म्यागेजिनका अनुसार २ वटा हिट चलचित्र सलमानले दिए पनि शाहरूखले आफूलाई पहिलो नम्बरमा राख्न सफल भएका छन् ।

शाहरूखले सन् २०१५ मा २५७.५ करोडको आम्दानी गरेका छन् । सलमानले २०२.७५ करोड कमाइ गरेर दोस्रो स्थान कायम गरेका छन् । फोब्स म्यागाजिनले गरेको दाबी अनुसार शाहरूखको कमाइ हालसम्मको बलिउडका कलाकारले कमाएको रकममा सर्वाधिक हो । शाहरूखको वर्ष २०१५ को अन्तमा रिलिज भएको फिल्म 'दिलवाले'ले रेकर्ड नै ब्रेक गरेको छ । ५० को दशकको सुपरहिट जोडी शाहरूख र काजोललाई फिल्म 'दिलवाले'मा हेर्न पाइन्छ । यसबाट पनि यी हिट जोडीको कारण दिलवाले वर्षको अन्तमा रिलिज भएर पनि सर्वाधिक चर्चामा रहन सफलता पाएको छ । बक्स अफिसमा मनग्गे कमाइ पनि गरेको छ ।

फोर्ब्सले बलिउडका १ सयजना सेलिब्रिटीले वर्ष २०१५ मा २ हजार ८ सय १९ करोड आम्दानी गरेको तथ्यांक सार्वजनिक गरेको छ । जसमा आमिर खान उत्कृष्ट पाँचौ नम्बरमा परेका छन् । आमिरको कमाइ १०४.२५ करोड देखाइएको छ । वर्ष २०१५ मा फिल्म 'पीके'को सफलता र विभिन्न ब्रान्ड इन्डोर्सका कारण आमिरको अघिल्लो वर्षको तुलनामा यो वर्ष आम्दानी बढेको मानिएको छ । शाहरूख तेस्रो पटक बलिउडमा सर्वाधिक कमाइ गर्ने सूचीमा वर्ष २०१५ मा परेका हुन् । अघिल्लो वर्ष शाहरूखलाई सलमान र अमिताभ बच्चनले सर्वाधिक कमाइमा जितेका थिए ।

वर्ष २०१५ मा रिलिज भएका बलिउडका फिल्महरूमा उत्कृष्ट प्रस्तुतिका कारण सामान्य फिल्म पनि अब्बल बने । उत्कृष्ट टपटेनमा बजरंजी भाइजान, बाहुबली, प्रेम रतन धन पायो, तनु विडस मनु रिटर्नस्, हेड स्टोरी ३, प्यारका पंचनामा २, किस किसको प्यार करूँ, एबिसिडी टु, दम लगाके हैसा, गब्बर इज ब्याक र दिलवाले परेका छन् । टप फाइभ हिरोमा सलमान खान, शाहरूख खान, आमिर खान, अक्षय कुमार र रणवीर सिंह छन् । त्यसै गरेर टप फाइभ हिरोइनमा दीपिका पादुकोण, प्रियंका चोपडा, कंगना रणावत, करिना कपुर र सनी लियोनी परेका छन् ।

## बलिउडका कलाकारको नेपाल आकर्षण



वर्ष २०१५ मा बलिउडका कलाकारहरूको नेपाल आकर्षणले पनि स्थान पायो । वर्षको प्रारम्भसँगै बलिउडका कलाकारहरूको एकपछि अर्को गरेर नेपाल आगमन कायम रहयो । नेपाल भिजिटलाई बिदा मनाउने आकर्षक गन्तव्यको रूपमा उनीहरूले प्रयोग गरेको पाइयो । यसै क्रममा बलिउडका ब्लकबस्टर हिरो सलमान खान नेपाल आएलगत्तै बलिउड बादशाह शाहरूख खान पनि केही समयको अन्तरालमा नेपाल आए ।

नेपालमा शाहरूख करिब ७ घण्टा बसाइको क्रममा थुप्रै कार्यक्रममा सहभागी बने । होटल हायातमा पत्रकार सम्मेलनदेखि याक एण्ड यतीमा आफ्ना चर्चित गीतमा नृत्य गर्न समेत शाहरूखले भ्याए । एक पेन्ट्स कम्पनीको प्रवर्द्धनमा नेपाल आएका शाहरूखलाई हेर्न जम्मा भएको भीडले नेपालमा बलिउड कलाकारको क्रेजलाई स्पष्ट रूपमा झल्काएको थियो । आमिर खान पनि यसै वर्ष नेपाल आए । एक आइएनजिओको सद्भावना दूतका रूपमा नेपाल आएका आमिरले कपिलवस्तुका बालबालिकासँग अन्तरक्रिया समेत गरेका थिए ।

अर्का बलिउडका हिरो अक्षयकुमार उनको फिल्म बेबीको सुटिङका क्रममा नेपाल आए । भक्तपुर दरबार स्क्वायरदेखि काठमाडौंको ठमेलसम्म उनलाई पछ्याउने नेपाली क्रेजी फ्यानका कारण पनि अक्षयकुमारको नेपाल बसाइ उल्लेखनीय रहयो । अक्षयले पनि ट्विटरमा दैनिकजसो नेपालीलाई धन्यवाद दिइराखे । अक्षयकुमारलाई हेर्नका लागि एक युवती हायात होटलमा प्रवेश गरेको घटनाले पनि खुबै चर्चा पाएको थियो । अक्षयकुमार नेपाल आएर फिल्म सुटिङ गर्दा यसले नेपाल फिल्म सुटिङका लागि विश्वमै आकर्षक गन्तव्यको रूपमा पनि प्रचारप्रसार हुन मद्धत पुग्यो ।

पूर्वमिस युनिभर्स समेत रहेकी बलिउड अभिनेत्री सुस्मिता सेन पनि गरगहना प्रवर्द्धनका लागि नेपाल आएर नेपालको तारे होटलमा क्याटवाक गरेर चर्चाको केन्द्रविन्दु बनेकी थिइन् । सुस्मिता सेन नेपाल आएको केही हप्तापछि नै अर्की हट हिरोइन रविना टण्डन पनि एक ज्वेलरीको फेसन शोका लागि भन्दै नेपाल आएकी थिइन् । एनसेलको प्रवर्द्धनको क्रममा बलिउडका कमेडियन कपिल शर्मा पनि वर्ष २०१५ मा नै नेपाल आएका थिए । प्रशासनले कपिल शर्मालाई सुरक्षा दिन नसक्ने बताएपछि शर्माको प्रवर्द्धन शो भने नेपालमा हुन सकेन । केवल मिडियासँग अन्तरक्रिया मात्र गरेर बलिउड फर्के । पोर्नस्टार समेत रहेकी बलिउड हट हिरोइन सन्नी लियोनी वर्ष २०१५ मा नेपालमा दुईपल्ट श्रीमानसँग आएकी थिइन् । दुवैपल्ट सन्नीले नेपालमा कार्यक्रमको नाममा हनीमुन मनाएर गएकी थिइन् ।

अर्की हिरोइन जरिना खानदेखि पुराना हिट हिरो जितेन्द्र र हिरोइन नेहा धुपियासमेतको वर्ष २०१५ मा नेपाल आगमन भयो । बलिउडका कलाकारहरूको एकपछि अर्को गरेर भएको नेपाल आगमनले नेपालप्रति उनीहरूको आकर्षण रहेको प्रमाणित गरेको भएको छ ।

## सर्चमा सन्नी लियोनी



गुगल सर्चमा बर्ष २०१५ मा बलिउड अभिनेत्री सन्नी लियोनीको सर्वाधिक खोजी गरेको पाइएको छ । गुगल सर्चका आधारमा गरिएको एक अनुसन्धानअनुसार सन्नीले बलिउड सुपरस्टार सलमान खान र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई समेत उछिनेकी छन् । जतिसुकै आदर्शका कुरा गरेपनि सन्नीका हट फिल्म तथा उनका हट फोटोहरु हेर्न पनि उनको सर्वाधिक सर्च गरिएको बताइएको छ ।

## कर तिर्न प्रतिस्पर्धा



बलिउडमा करोडौं कमाउने कलाकारहरूबीच कर तिर्ने मामिलामा पनि प्रतिस्पर्धा हुने गरेको छ । यस क्रममा वर्ष २०१५ पनि कर तिर्ने प्रतिस्पर्धामा अग्रपंक्तिमा अक्षय कुमार देखिएका छन् । अक्षयले यो वर्ष करिब १८ करोड कर तिरेका छन् । सलमान खानले ११ करोड तिरेको पाइएको छ । शाहरूख खानले १० करोड तिरेको अनुमान गरिएको छ । अमिताभ बच्चनले ५ करोड बुझाएका छन् । आमिर खानले ४.५ करोड कर तिरेका छन् । रणवीर कपुरले पनि ४ करोडकै हाराहारीमा कर तिरे । हिरोइनहरूमा ऐश्वर्य रायले यो वर्ष ३ करोड कर तिरेको अनुमान गरिएको छ ।

अर्की हिरोइन कैटरिना कैफले २ करोड कर तिरेकी छन् । बजरंगी भाइजानबाट बलिउडमा पुनरागमन बनेकी करिना कपुरले २ करोड कर तिरेकी छन् ।

# अर्बौं कमाउने हलिउडका टप फाइभ फिल्म

नेपाली चलचित्रले औशतमा १ देखि २ करोड कमाउँछन् । निर्माताले ५० लाख कमाउँदा खुसी हुनुपर्ने अवस्था छ । बलिउड चलचित्रको कमाइ हेर्ने हो भने नेपालीको भन्दा धेरै माथि छ । त्यहाँ सबैभन्दा बढी चलेका चलचित्रले ३ सय करोडसम्म फाइदा गरेका छन् । बलिउडभन्दा अझै ठूलो हलिउड बजारका चलचित्रको कमाइ सुन्दा पनि पत्यार लाग्दैन । हलिउडमा सबैभन्दा धेरै चलेका चलचित्रको कमाइ अर्बौं छ । अर्बौं कमाउने टप फाइभ हलिउड फिल्म निम्नानुसार रहेका छन् :

## १. अवतार



करिब एक दशक लगाएर निर्माण गरिएको हलिउड चलचित्र 'अवतार'ले विश्वभरबाट २ हजार ७ सय ८८ मिलियन डलर कमाएको थियो । जुन नेपालीमा २८ हजार ५ सय १५ करोड रूपैयाँ हुन आउँछ । जेम्स क्यामरूनको निर्देशनमा बनेको यो चलचित्रले विश्वभर विभिन्न रेकर्ड पनि बनाएको थियो । यो अहिलेसम्मकै विश्वमा सबैभन्दा धेरै कमाउने चलचित्रको पहिलो स्थानमा छ ।

## २. टाइटानिक



सन् १९९५ मा सार्वजनिक भएको चर्चित चलचित्र टाइटानिकले विश्वभरबाट सरद र २२ हजार ३ सय ६६ करोड रूपैयाँ कमाएको थियो । समुन्द्रमा डुबेको टाइटानिक जहाजको कथामा यो चलचित्र बनेको थियो । यो चलचित्रको 'टाइटानिक' पोज प्रेम गर्ने जोडीका लागि अहिले पनि चर्चित छ ।

## ३. जुरास्सिक वर्ल्ड

सन् २०१५ मा सार्वजनिक प्रदर्शनमा आएको हलिउड चलचित्र




'जुरास्सिक वर्ल्ड'ले करिब १५ हजार ५ सय ९८ रूपैयाँ कमाएको छ । यो चलचित्रमा बलिउडका कलाकार इरफान खान मुख्य भूमिकामा छन् ।

## ४. एभेन्जर्स



सन् २०१५ मै प्रदर्शनमा आएको 'एभेन्जर्स' नामक चलचित्रले पनि हलिउडमा व्यापारको नयाँ रेकर्ड बनायो । यसले झण्डै १५ हजार ५ सय ४४ करोड रूपैयाँ कमाइ गर्दै हालसम्म सबैभन्दा धेरै व्यापार गर्ने विश्वकै चौथो चलचित्र बनेको छ ।

## ५. फ्यूरियस ७

यो वर्ष हलिउडका लागि निकै फाप्यो । यो वर्ष नै प्रदर्शनमा आएको फ्यूरियस ७ ले कमाइमा नयाँ रेकर्ड बनायो । यसले विश्व बजारबाट करिब १५ हजार ४ सय ६५ करोड रूपैयाँ कमाइ गर्‍यो ।






# टप टेन
# हलिउड हिरोइन

हलिउडमा पनि हिरोइनहरूबीच व्यापक प्रतिस्पर्धा हुने गरेको छ । वर्षभर आफूलाई टप टेनमा ल्याउन उनीहरूले अनेक कोसिस गरिरहेको पाइन्छ । यस क्रममा वर्ष २०१५ मा हलिउड हिरोइन एन्जेलिना जोली टप टेनमा अग्रपंक्तिमा देखिएकी छन् । हलिउड फिल्म इण्डष्ट्रीमा लागेपछि उनले ओस्कार लगायतका निकै चर्चित पुरस्कारहरु प्राप्त गरिसकेकी छन् । सन् १९७५ मा लस एन्जेलसमा जन्मेकी जोलीले चलचित्र मिस्टर एन्ड मिसेस स्मिथ वान्डटड सल्टु, मेलफिसेन् लगायतका फिल्मबाट चर्चा पाएकी थिइन् ।

दक्षिण अफ्रिकी हिरोइन चार्लिज थेरोन निर्माता एवं मोडेल पनि हुन् । एकेडेमी अवार्ड जित्ने उनी पहिलो अफ्रिकी हिरोइन समेत रहेकी उनको फिल्ममा बेजोड प्रस्तुतिका कारण उनी दोस्रो स्थानमा पुगेकी छन् । उनका चर्चित चलचित्रहरूमा 'द डेभिल्स एड्भोकेटु, 'द साइडर हाउस रूल्स, माइटी जो योङ आदि रहेका छन् ।


सन् १९६७ मा अमेरिकामा जन्मेकी हिरोइन जुलिया रोबर्ट्स रोमान्टिक कमेडी चलचित्र प्रिटी वुमनको सफलताका साथमा चर्चामा आएकी हुन् । त्यसपछि उनले थुप्रै ब्लकबस्टर चलचित्रमा अभिनय गरेर एकेडेमी अवार्ड लगायतका पुस्कार हात पारिसकेकी छन् । उनको सशक्त अभिनय क्षमताका कारण उनी सबैभन्दा चर्चित हलिउड हिरोइनको तेस्रो स्थानमा परेकी छन् ।

चर्चित हिरोइनहरूको सूचीमा क्यामेरन डायज चौथो स्थानमा परेकी छन् । गोल्डेन ग्लोब अवार्डका साथमा उनले अन्य थुप्रै पुरस्कारहरु प्राप्त गरिसकेकी छन् । द मास्क माइ बेस्ट फ्रेन्ड्स वेडिङ, दियर इज समथिङ अबाउट मेरी चार्लिज एन्जेलु द अदर वुमनलगायतका चलचित्रमा उनले अभिनय गरिसकेकी छन् । उमेरले ४१ लगिसक्दा हलिउडमा आज पनि उनको चर्चा कम भएको छैन ।

त्यसैगरी पाँचौं नम्बरमा स्कारलेट जोहनसन परेकी छन् । उनी नायिकाका साथै मोडल र गायिका भएका कारण पनि चर्चामा आएकी हुन् । प्लेब्वाई पत्रिकाकी सबैभन्दा सेक्सी सेलिब्रिटीका रूपमा पनि उनलाई चिनिन्छ । सन् १९८४ मा अमेरिकाको न्युयोर्कमा जन्मिएकी नायिकाले गोल्डेन ग्लोब अवार्ड र ब्याफ्टा अवार्डमा समेत उत्कृष्ट हिरोइनको पुरस्कार पाइसकेकी छन् । सन् २०१५ का अन्य चर्चित नायिकाहरूमा युत्रेनकी मिला कुनिस, जेनिफर एनिस्टन, इम्मा स्टोन, जेसिका अल्बा र म्यारियन कोटीलार्ड क्रमशः छैटौं, सातौं, आठौं, नवौं र दसौं स्थानमा परेका छन् ।

# सामाजिक कार्यमा सक्रिय

# याओ मिङ







चिनियाँ पुरुष बास्केटबलका पूर्व प्रसिद्ध खेलाडी याउ मिङले बास्केटबलको कोर्ट छोडे पनि अन्तर्राष्ट्रिय समाजमा उनको आकर्षण र लोकप्रियतामा कमी आएको छैन । सन् २०११ जुलाई २० तारिखका दिन बास्केटबलबाट संन्यास लिने घोषणा औपचारिक रूपमा गरेदेखि हालसम्म लगभग चार वर्षभन्दा बढीको अवधिमा उनी सामाजिक हित र समाजसेवामा सक्रिय हुँदै आएका छन् ।

याउ मिङ विशेष ओलम्पिक खेलकूदका अन्तर्राष्ट्रिय विशेष दूत हुन् । लामो समययता उनले फरक क्षमता भएका व्यक्तिहरु अर्थात् सुस्त मनस्थिति भएकाहरूको अधिकारको संरक्षणमा ध्यान दिंदै आएका छन् । सन् २००७ को अक्टोवरमा फरक क्षमता भएका व्यक्तिका लागि आयोजित विश्व विशेष ओलम्पिक खेलकूद समारोह याउ मिङको जन्मथलो सांघाईमा आयोजना भएको थियो । याउ मिङ एक हजारभन्दा बढी मनोभाव अव्यवस्थित खेलाडीहरूसँग हातमा हात मिलाएर यस समारोहको उद्घाटन समारोहमा उपस्थित भएका थिए ।

सन् २००७ को अक्टोवरमा याउ मिङले सांघाईकी बासिन्दा महिला बास्केटबल खेलाडी ये लिसँग विवाह गरेका थिए । सांघाईको स्थानीय चलन बमोजिम याउले भव्यताका साथ विवाह समारोहको आयोजना गरेका थिए । तर उनले जंगली चराको पखेटालाई आफ्नो विवाह भोजमा राख्न अस्वीकार गरे । चराको पखेटालाई उच्चस्तरीय उपभोगको रूपमा लिने चीनमा याउ मिङको जंगली जनावरको संरक्षण गर्ने गतिविधिले सर्वसाधारणमा नयाँ धारणा ल्याएको छ । वास्तवमा सन् २००६ को अक्टोबरमा जंगली जनावरको संरक्षण गतिविधि सम्बन्धी विशेष दूतको हैसियतले याउले पत्रकार सम्मेलनमा औपचारिक रूपमा चराको पखेटा नखाने कुरा सार्वजनिक गरेका थिए । चरा मानव जातिको खानेकुरा होइन तर मित्र हो भन्ने धारणा लिएर याउले आफ्नो अन्तर्राष्ट्रिय प्रभावशाली व्यक्तित्वका प्रतापले आफै चारैतिर र सारा समाजमा प्रभाव पारेका छन् ।

सन् २००८ मे १२ तारिखका दिन चीनको सछ्वान प्रान्तको वन छ्वानमा ठूलो भूकम्प गएको थियो । भूकम्पको सूचना पाउनेबित्तिकै याउ मिङले प्रकोपग्रस्त क्षेत्रलाई बीस लाख चिनियाँ युआन सहयोग उपलब्ध गराएका थिए । त्यसै वर्षको जुन महिनाको ११ तारिखका दिन याउ मिङले प्रकोपग्रस्त क्षेत्रका स्कुल पुनर्निर्माण गर्नका लागि 'याउ कोष' नामक संस्था नै स्थापना गरेका थिए । साथै उनले हितकल्याण विज्ञापन बनाउँदै सारा विश्वलाई वन छ्वान प्रकोपग्रस्त क्षेत्रलाई चन्दा उपलब्ध गराउन आव्हान गरेका थिए । अहिलेसम्म प्रकोपग्रस्त क्षेत्रका लागि याउ मिङद्वारा उद्धार गरिएको रकम एक करोड असी लाख चिनियाँ युआन पुगेको छ । उनी चीनमा खेलकूद क्षेत्रमा सबैभन्दा ठूलो चन्दा उपलब्ध गराउने व्यक्ति बनेका छन् ।

सन् २०१० मा 'शहरले जीवनलाई अझ बढी राम्रो बनाउने' शीर्षकको विश्व एक्स्पो सांघाईमा आयोजना गरिएको थियो । त्यस सांघाई विश्व एक्स्पोको विशेष दूतको हैसियतले याउ मिङले एक्स्पोको प्रचारप्रसार गर्ने अनेकन काम गरे । सोही वर्षको फेब्रुअरीमा आयोजित 'नामी व्यक्तिको निर्देशनमा विश्व एक्स्पोको अवलोकन' नामको कम कार्बन उत्सर्जन सामाजिक रात्रि समारोहमा भाग लिंदा उनले विश्व एक्स्पोले हामी र हामीपछिको पुस्तालाई गहिरो प्रभाव पार्ने बताउँदै हामीले विश्व एक्स्पोमा ध्यान दिनसक्छौं भनी उद्घोष गरेका थिए ।

सांघाई विश्व एक्स्पो र सांघाई विशेष ओलम्पिक खेलकूदको विशेष दूतबाहेक याउ मिङ सांघाई भावनाको शहरी प्रतिनिधि नियुक्त भएका छन् । उनले आफ्नो जन्मथलोलाई निकै मन पराउँछन् । उनले भने- 'मेरो जन्मथलो सांघाई एक ठूलो शहर हो । सांघाई हाम्रो राष्ट्रिय भावना जानकारी दिने र विदेशसँगको आदानप्रदानलाई प्रवर्द्धन गर्ने एक झ्याल हो । त्यसैले आउने दिनहरूमा मैले विश्वसमक्ष यस शहरको विकास र परिवर्तनबारे जानकारी दिने प्रयास गरिरहने छु ।'

सन् २०१० जुलाईमा याउ मिङलगायत अनेकन चर्चित व्यक्तिको नेतृत्वमा सछ्वान, छिङ्‌ हाई आदि प्रकोपग्रस्त क्षेत्रबाट आएका एक सयभन्दा बढी बालबालिकाले विश्व एक्स्पोको अवलोकन गरेका थिए । सन् २०११ सेप्टेम्बर २२ तारिखका दिन याउ मिङ र भर्जिन कम्पनीका संस्थापक चाड ब्रान्सनले सांघाईमा अन्तर्राष्ट्रिय वातावरण संरक्षण संगठन अन्तर्गत वन्यजन्तु उद्धार समितिको संयोजनमा गरिएको 'संकटापन्न वन्यजन्तुको संयुक्त संरक्षण' भन्ने सार्वजनिक सेवासम्बन्धी कार्यक्रममा भाग लिएका थिए । यस कार्यक्रममा याउ मिङले जंगली चराको पखेटा खाने मान्छेहरूको मुख्य समूहलाई संरक्षण क्षेत्रमा योगदान गर्न आव्हान गरेका थिए ।

सन् २०१२ अक्टोवरमा याउ मिङले लोपोन्मुख जनावरको संरक्षणलाई प्रचारप्रसार गर्नका लागि अफ्रिकाको केन्यामा दुई हप्तासम्मको प्रचारप्रसार भिडिओ बनाएका थिए । यस अवधिमा प्रत्यक्षरूपमा अवैध शिकारद्वारा गैंडा र हात्तीजस्ता जनावरमा भएको गम्भीर क्षति देखेपछि उनले 'याउ मिङ अफ्रिकामा' भन्ने डायरी लेखेका थिए । याउ मिङको अफ्रिका यात्राले विदेशी सञ्चार माध्यममा निकै महत्व पाएको थियो । अमेरिकाको क्रिस्चियन साइन्स मोनिटरले एक टिप्पणी लेख प्रकाशित गर्दै याउ मिङको यस वन्यजन्तु संरक्षणको गतिविधिको उच्च मूल्यांकन गरेको थियो । यस लेखका अनुसार याउ मिङले आफ्नो प्रभावित शक्तिले सर्वसाधारणसमक्ष वन्यजन्तुको संरक्षण गर्ने महत्वपूर्ण जानकारी दिएका छन् । जंगली जनावरको संरक्षण गर्दै पृथ्वीलाई हाम्रो सुन्दर घर बनाऔं भन्ने नाराका साथ याउ मिङले सारा विश्वसमक्ष सन्देश दिएका छन् ।

*(साभार : सीआरआई नेपाली सेवा)*

# पूर्वी जगत्को होमेरिक महाकाव्य गाउने गायक

चस्मासहित आधुनिक लुगा लगाउने ३३ वर्षीय तिब्बती युवक बु छ्योङ्गलाई पहिलो पटक देख्दा उनी पुरानो राग गाउने कलाकार हुन् भन्न गाह्रो पर्छ । तर तिब्बती जातिको बहादुरीको वर्णन भएको प्राचीन महाकाव्य 'राजा केशार' गाउने बित्तिकै ती शान्त र लजालु युवक तुरुन्तै एकजना खुलस्त र आत्मविश्वासिलो राग गायकका रूपमा प्रकट हुन्छन् ।

आफूले गाएको रागको परिचय दिँदै बु छ्योङ् भन्छन्- 'भर्खरै मैले गाएको विषय 'राजा केशार'को पहिलो भागमा उल्लेखित एउटा कथा हो । त्यस कथामा भनिएको छ- तेह्र वर्षको उमेर हुनुअघि राजा केशारलाई पहाडी क्षेत्रमा बसोवास गर्ने जातीय समूहले दुर्गम क्षेत्रमा निष्काशन गरेको थियो । तेह्र वर्षको उमेर पार गर्दा भगवानबाट दिइएको एउटा आदेश बमोजिम केशारले पहाडी क्षेत्रमा बसोवास गर्ने जातीय समूहद्वारा आयोजित घोडा प्रतियोगितामा भाग लिएका थिए । त्यस प्रतियोगिता मार्फत उनले सफलताका साथ राजाको पद पनि जितेका थिए ।'

किंवदन्ती अनुसार राजा केशार एघारौं शताब्दीमा जन्मिएका थिए । उनी आधा देव र आधा मानव थिए । उनी निकै साहसी भएकाले विविध भूतलाई हराएर कठिन अवस्थामा परेकाहरूलाई जोगाउने र गरिबहरूलाई सहायता दिने गर्दथे । त्यसै कारण तिब्बती जनताले उनको ज्यादै सम्मान गरेका थिए । 'पूर्वी जगत् को होमेरिक महाकाव्य' भनिने 'राजा केशार' उनको सम्पूर्ण जीवन उल्लेख गरिएको एउटा विशाल ग्रन्थ हो । सारा विश्वमा



सबैभन्दा लामो ऐतिहासिक महाकाव्यको रूपमा रही युगौंयुगदेखि 'राजा केशार'लाई विभिन्न पुस्ताका तिब्बती कलाकारहरूद्वारा गाएर प्रचलित गरिंदै आएको छ भने त्यसलाई तिब्बती जातिको सँस्कृतिमा रहेको जिउँदो जिवाश्म पनि भनिन्छ । सन् २००९ मा 'राजा केशार'लाई संयुक्त राष्ट्र संघको युनेस्कोले मानव जातिको गैरभौतिक साँस्कृतिक सम्पदा सूचीमा समावेश गरेको छ ।

गत एक दशकभन्दा लामो समयदेखि बु छ्योङ्गले प्राचीन पश्चिमी जगत्का एक पर्यटक जस्तै समस्त ना छ्यु क्षेत्र घुमेका छन् । उनी भन्छन्- 'बोल्ने तथा गाउने तरिका मिसाइएको शैली अर्थात् राग भन्ने कला तिब्बती सर्वसाधारणहरु निकै मन पराउँछन् । बितेका केही वर्षयता म सो स्येन र निमा लगायतका जिल्ला गएको थिएँ । म शन्चा जिल्ला पनि पुगेको छु । हरेक जिल्लाका सर्वसाधारणले मेरो प्रदर्शनको निकै स्वागत गरेका छन् । किनभने हाम्रो पशुपालन क्षेत्रमा सबै बासिन्दा बाल्यकालदेखि नै राजा केशारको कथा सुन्दै हुर्केका हुन् ।'

'राजा केशार' महाकाव्यमा प्राचीन तिब्बती जातिको इतिहास, कविता, किंवदन्ती र उखानहरु मिसाइन्छ । यसलाई तिब्बती सँस्कृतिको एक विश्वकोष पनि भन्न सकिन्छ । तर पुराना पुस्ताका कलाकारहरु क्रमशः निधन हुँदै जाँदा मौखिक रूपमा याद गरिने विशेषतायुक्त कलाशैली हराएर जाने संकट पनि देखा परेको छ । गत शताब्दीको असीको दशकदेखि यता तिब्बत सरकारले ठूलो प्रयास मार्फत त्यस मूल्यवान ऐतिहासिक महाकाव्यलाई जोगाउन थालेको छ । सरकारले अक्षर र भिडियो आदि साधनमार्फत लोकक्षेत्रका कलाकारमाझ प्रचलित परम्परागत कलात्मक सम्पत्तिको रेकर्ड गर्नुका साथै आधुनिक तरिका अर्थात् रागमार्फत 'राजा केशार'लाई जीवन्त राख्न नयाँ पुस्ताका कलाकारहरूलाई पनि प्रोत्साहन गरेको छ ।

सन् २०१४ मा समस्त तिब्बतमा 'राजा केशार'सम्बन्धी राग कलाकार सबभन्दा घना भएको क्षेत्रको रूपमा रही नाछ्यु क्षेत्रमा 'राजा केशार' रागसम्बन्धी कला अखडाको स्थापना गरिएको छ । हरेक वर्ष नाछ्यु क्षेत्रका विभिन्न जिल्लामा आयोजना गरिने घोडा प्रतियोगितामा राजा केशारलाई सम्झने राग नै प्रतियोगितामा देखाइने सबभन्दा महत्वपूर्ण अभियन बनेको छ । बु छ्योङ्ग जस्तै लोकक्षेत्रमा रहेका सामान्य कलाकारहरूको अथक प्रयास भएको कारण तिब्बतका ठूला सडक होस् वा साँघुरा गल्लीमा सर्वसाधारण वा पर्यटकहरूले युगौंयुगदेखि प्रचलित हुँदै आएको शृंखलाबद्ध किंवदन्तीहरु सुन्न पाइन्छ । के भन्न सकिन्छ भने 'राजा केशार' सधैं नै तिब्बती नरनारीहरूमाझ प्रचलित हुँदै जाने छ ।

*(साभार : सीआरआई नेपाली सेवा)*







# पाकिस्तानमा रुचाइएका चिनियाँ दृश्य

चिनियाँ अन्तर्राष्ट्रिय रेडियो (सीआरआई)को पाकिस्तानी कन्फ्यूशियस क्लास रूमले पाकिस्तानको राजधानी शहर इस्लामावादस्थित पाकिस्तानी सूचना विज्ञान प्रज्ञा कलेज (कमस्याट)मा आयोजना गरेको 'मेरो क्यामेरामा सिनच्याङ' शीर्षकको फोटो प्रदर्शनीको दर्शकहरूले अभिरूचिपूर्वक अवलोकन गरेका छन् । सो फोटो प्रदर्शनी सन् २०१५ डिसेम्बरको १ देखि ५ तारिखसम्म चलेको थियो । पाकिस्तानी सूचना विज्ञान प्रज्ञा कलेजका प्रमुख डा. एसएम जुनैद जैदी, फोटो प्रदर्शनीका फोटोग्राफर मुहम्मद अजहर हफिज, इस्लामावादका विभिन्न क्षेत्रका कलाकारहरु, विश्वविद्यालयका प्रोफेसरहरु र स्थानीय प्रसिद्ध फोटोग्राफरहरु लगायत २०० भन्दा बढी व्यक्तिहरूको यस प्रदर्शनीको पहिलो दिनमा सहभागिता रहेको थियो ।

यस पटकको फोटो प्रदर्शनीका फोटोग्राफर मुहम्मद अजहर हफिज पाकिस्तानको राष्ट्रिय टेलिभिजनमा काम गर्छन् । उनी सन् २०१३ मा चिनियाँ अन्तर्राष्ट्रिय रेडियोको निमन्त्रणामा चीनमा आयोजित एउटा विदेशी पत्रकार साँस्कृतिक कार्यक्रममा सहभागी भएका थिए । सो







कार्यक्रमका क्रममा उनले खिचेका चीनको सिन च्याङ् स्वायत्त प्रदेशबारेको फोटो लोकप्रिय भएको थियो । यस वर्ष 'चीन र पाकिस्तान मैत्रीपूर्ण सम्बन्ध आदानप्रदान वर्ष'को उपलक्ष्यमा चीनमा खिचेका सुन्दर फोटोहरूको प्रदर्शन गर्न उनी इच्छुक भएका थिए ।

मुहम्मद अजहर हफिजले भने- 'आजको फोटो प्रदर्शनीका फोटोहरु मैले सन् २०१३ मा चिनियाँ अन्तर्राष्ट्रिय रेडियोको निमन्त्रणामा सिन च्याङ् स्वायत्त प्रदेश घुम्ने क्रममा खिचेको हुँ । सर्वप्रथम चिनियाँ अन्तर्राष्ट्रिय रेडियोलाई धन्यवाद दिन्छु । त्यो बेलामा हामी सबै गरेर जम्मा बाह्रजना विदेशी फोटोग्राफर सिन च्याङ् गएका थियौं र हाम्रा फोटोमार्फत विश्वभरि प्रचार गर्न सकिन्छ भन्ने मेरो आशा हो । विशेष गरी पाकिस्तान चीनको छिमेकी देश हो तर धेरैजसो पाकिस्तानीहरूले चीनको भ्रमण गरेका छैनन् र सिन च्याङ् लगायत यस्ता धेरै सुन्दर स्थानबारे थाहा छैन । यस पटकको फोटो प्रदर्शनीमार्फत पाकिस्तानीहरूले चीनको सिन च्याङ् स्वायत्त प्रदेशबारे थाहा पाउने आशा मैले गरेको छु ।'

सो प्रदर्शनीको उद्घाटन समारोहमा पाकिस्तानका लागि चिनियाँ राजदूतकी श्रीमती पाउ चि छिङ्ले कार्यक्रममा सहभागीहरूलाई चीनको सिन च्याङ् स्वायत्त प्रदेशबारे थप जानकारी दिइन् र फोटोग्राफर मुहम्मद अजहर हफिजको फोटोहरूको प्रशंसा गरिन् ।

उनले भनिन्- 'मैले मुहम्मद अजहर हफिजको फोटोहरूलाई एकदम मन पराएकी छु । उहाँका फोटोहरु हेरेर म प्रभावित भएँ र सिन च्याङ्को सुन्दर दृश्य तथा स्थानीयवासीहरु उनको फोटोमा पूर्ण रूपमा देखिएको छ । उहाँजस्तै श्रेष्ठ फोटोग्राफरहरूलाई चीनमा घुम्न आउन हामी धेरै स्वागत गर्दछौं । यसरी नै धेरैभन्दा धेरै पाकिस्तानीहरूले चीनबारे थाहा पाउन सक्छन् । चिनियाँ अन्तर्राष्ट्रिय रेडियोको पाकिस्तानी कन्फ्युशियस क्लास रूमले चीन र पाकिस्तानबीच एउटा मैत्रीपूर्ण पुलको रूपमा काम गरेको छ । आगामी दिनमा धेरैभन्दा धेरै फोटोग्राफरहरु यस्तो कार्यक्रममा सहभागी हुने मेरो आशा छ र यस देशका बासिन्दाले धेरैभन्दा धेरै चीनबारे जानकारी पाउन् भन्ने मेरो इच्छा छ ।'

*(साभार : सीआरआई नेपाली सेवा)*






# इन्दिरा जोशीलाई माग्न आउने भएन



पछिल्लो पुस्ताकी निक्कै नै चर्चामा आएकी हट गायिका इन्दिरा जोशी यो वर्षबाट तीस वर्ष पुगेकी छन् । ६ दिदीबहिनीमा पाँचौं नम्बरकी गायिका जोशीका सबै दिदीको विवाह भइसकेको छ । अब पालो उनकै रहेको छ । आफूपछि एक भाइ र एक बहिनी रहेको बताउने उनी अब भने विवाह गर्ने समय आइसकेको भन्न लाज मान्दिनन् । उनी सबै दिदीहरूको मागी विवाह भए पनि आफूलाई कसैले माग्न नआएको जानकारी दिन्छिन् ।

मागी विवाह नभए पनि प्रेमविवाह गर्नेतर्फ उत्सुकता देखाएकी उनी यो वर्ष बढी नै फुर्सद भएकोले विवाहतिर सोच भइरहेको भए पनि मन मिलेको कोही नपाएको उनको गुनासो छ । विवाहका विषयमा विवाहिता पाँच दिदीहरूले विशेष चिन्ता लिने गरेको बताउने उनी विवाहका लागि पारिवारिक प्रेसर आइरहेको यथार्थ हो भन्छिन् । यद्यपि, विवाहको लागि मन मिल्ने योग्य कोही नपाएकोले यसै भन्न सकिने अवस्था नभएको भन्दै उनले मिलेमा चाँडै विवाह गर्ने सोचमा रहेको बताइन् ।

# मोडल केकी कार्कीको गायन मोह





केकी कार्कीको वास्तविक नाम कमला कार्की हो । कमला कार्की भए पनि गायन तथा मोडलिङको ग्ल्यामर क्षेत्रमा आएपछि कमलाले नाम परिवर्तन गरेर आफूलाई केकी कार्की बनाएकी हुन् । यसको मतलब केकी कार्कीले नायिका केकी अधिकारीको स्टारक्रेजलाई क्यास गर्न अवश्य खोजेकी होइनन् । नायिका केकी अधिकारीलाई पनि राम्ररी चिनेकी गायिका कार्कीले संगीतानुरागी गौतम डंगोलले नै तिम्रो नाम कमला भन्दा केकी नै सुहाउँछ भनेर न्वारान गरिदिएपछि यस नामबाट उनी चिनिएकी हुन् । कमलाभन्दा केकी कार्की नामबाटै उनी चिनिएकी छन् । विभिन्न स्टेज प्रोग्रामहरूमा दर्जनौं गीत गाइसकेकी केकीको हालसम्म रेकर्ड भएका गीतहरु धेरै छैनन् । थोरै गीत भए पनि मार्मिक तथा रोमान्टिक डान्सिङ नम्बरका छन् ।

गायिका कार्कीको कहिले मुटु दुखाउँदाले थिचियो, उमेरै बढ्यो बैंस चढ्यो दुनियाँको नजरमै तिरै पर्‍यो र मन परेको मान्छे मेरै हुनु पर्छ भन्ने छैन बोलका तीन हिट गीत हाल चर्चामा रहेका छन् । गीत गायनको अलावा मोडलिङमा पनि रूचि राख्दै आएकी उनमा नायिका बन्ने रहर छैन । बिजनेश वुमन बन्ने नै उनको सोच रहेको छ ।

# सम्झनामा आमा



संसारकै महान् हाम्री ममतामयी आमा **विष्णुदेवी पाठक**ले २०७२ मंसिर २४ गते आफ्नो भौतिक चोला छाडी परमात्मामा लीन हुनुभयो । आफ्नो आधी उमेरमै विधवा बन्नुभएको आमाले बाबुको समेत जिम्मेवारी बहन गर्नु भई हामीलाई लालनपालन गर्नुभएको थियो । सन्तानलाई यो हदसम्म मायाममता र संरक्षण दिने संसारका बिरलै आमामध्ये उहाँ एक हुनुहुन्छ । त्यस्ती ममतामयी आमालाई गुमाउनु पर्दा हामी विह्वल भएका छौं । यस्तो कठिन घडीमा आमाप्रति श्रद्धाञ्जलि दिने तथा हामीलाई सहानुभूति प्रदान गर्ने सम्पूर्ण आफन्त, बन्धुबान्धव, मित्रजन तथा शुभचिन्तकमा हार्दिक आभार व्यक्त गर्दछौं ।

**छोराछोरी**

मैया पाठक, नानी पाठक थपलिया, जानुका पाठक भण्डारी, मधु पाठक, गोविन्द पाठक, भवानी पाठक पाण्डे, गोमा पाठक पाण्डे, व्याकुल पाठक

**बुहारी**

गोमा पाठक, राधिका पाठक, कल्पना पाठक

**नातिनातिना**

सुवास पाठक, सुजित पाठक, सुमन पाठक, सुमित्रा पाठक, अवतार पाठक

**नातिनी बुहारी**

दीपा पाठक



Cent Percent Yours...

CAPITAL
HONOR OF THE MONTH



Capital
Band of The Month

क्यापिटल समाचार

पुस्तक संसार





New Baneshwor, Kathmandu
Phone +977-1-4475345, 4475346
E-mail: info@cfmonair.com


capitalFM™ 92.4 cent percent yours.....

www.cfmonair.com